बङ्गलादेशका नेता युनुसको चीनको भ्रमणको घोषणा | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ •अंक २९० • २०८१ साल चैत ०५ गते मंगलबार (18 March, Tuesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

### शान्ति सद्भाव कायमका लागि अपील

## चोकको नाम राख्ने विषयमा विवाद हुँदा एक घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको सबैला नगरपालिका-९ भठिहनमा चोकको नामकरणको विषयलाई लिएर उत्पन्न विवादका क्रममा प्रहरीले चलाएको गोलीबाट गम्भीर घाइते भएका युवकलाई थप उपचारका लागि काठमाण्डुस्थित अस्पतालमा लगिएको छ ।



शहीदनगर नगरपालिका-१ स्थित कुम्भकर्णका २० वर्षीय सन्तोष यादवलाई गोली लागेर घाइते भएका हुन् । उनको प्रारम्भिक उपचार जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा भए पनि थप उपचारका लागि काठमाण्डुस्थित ट्रमा सेन्टर लगिएको जनाइएको छ ।

धनुषाको सबैला नगरपालिका-९ भठिहनस्थित भैरव चोकलाई यादव चोक हुनुपर्ने भन्दै आइतबारदेखि दुई पक्षबीच विवाद भएको थियो । सोही विषयमा दुवै पक्षबीच विवाद बढ्दै गएपछि स्थिति नियन्त्रणबाहिर जाँदा प्रहरीले अवस्थालाई साम्य पार्न गोली चलाएको जनाएको छ ।

झडपले उग्ररुप लिएपछि प्रहरीले बल प्रयोग गरेको थियो । सोही प्रहरीले चलाएको गोलीबाट यादव घाइते भएका हुन् ।

यता सबैला नगरपालिकाका मेयर कारीराम यादवले चोकको नामकरण सर्वमान्य बनाउनका लागि प्रतिवद्धता जनाएका छन् ।

विवादको शुरुवात कोल्हुवा मोडका केही व्यक्तिहरुले भठिहनमा यादव चोकको बोर्ड राखेपछि भएको थियो । सो बोर्डमा जातीय नाम लेखिएकोले दुई समुदायबीच गम्भीर विवाद उत्पन्न भएको थियो ।

विवादका कारण स्थानीय क्षेत्र तनावग्रस्त बनेपछि सोमबार प्रहरीले गोली चलाउनु परेको छ । यस घटनापछि मेयर यादवले चोकको नामकरणलाई सामाजिक सद्भाव कायम गर्दै सर्वमान्य बनाउने निर्णय गरे ।

मेयर यादवले एक प्रेस विज्ञप्ति जारी गर्दै चोकको नामकरण सबैलाई स्वीकार्य हुने गरी गर्ने प्रतिवद्धता जनाए । मेयर यादवले भने, ' हामी सबै समुदायको सम्मान गर्दै र सामाजिक सद्भाव कायम राख्नेगरी चोकको नाम परिवर्तन गर्नेछौं । यसका लागि आइतबार जिल्ला प्रशासन कार्यालय धनुषामा बसेको सर्वपक्षीय बैठकमा यो निर्णय गरिएको हो ।'

सामाजिक शान्ति र सद्भावको महत्वलाई मध्यनजर गर्दै मेयर यादवले यस विवादको समाधानमा तटस्थ रहन र सबैको भावना सम्मान गर्दै निर्णय लिएको बताए । उनले असामाजिक अवस्था उत्पन्न नगरी समाजमा एकता र सद्भाव कायम राख्नु पर्ने बताए ।

### नेताहरुले केन्द्रीकृत मानसिकता नत्यागेको आरोप

## संघीयता संस्थागत गर्न केन्द्रबाट नै पहल हुनुपर्ने नेता निधिको माग

**टुडे समाचारदाता**

काठमाण्डु । संघीयता संस्थागत नहुँदा नागरिकमा असन्तुष्टि बढिहेको बेला नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले केन्द्रीकृत मानसिकता हावी हुँदा संघीयता कार्यान्वयन नभएको आरोप लगाएका छन् ।

नेपाली कांग्रेसद्वारा सोमबार पार्टी कार्यालयमा आयोजित संघीयता कार्यान्वयनसम्बन्धी कार्यक्रममा बोल्दै उनले भने, नेता तथा शासकको केन्द्रित सोच बदल्न आवश्यक छ ।

प्रदेश सरकारले जनअपेक्षा अनुसारको काम गर्न नसकेको र योजनाहरु बिक्री गरिरहेको गम्भीर आरोप लागिरहेको छ । प्रदेशमा चरम भ्रष्टाचार रहेको राज्यलाई अनावश्यक व्ययभार थपिएको आरोप लगाउँदै ठूला दलहरुका केही नेता र राजावादीहरुले संघीयताको विरोध गर्दै आएका छन् ।

देशमा प्रदेश सरकारको अभ्यास भइरहेको साढे सात वर्ष भइसक्दा शासन र प्रशासन प्रदेश सरकार मातहत छैन । संघीय सरकारले नै कर्मचारीहरु पठाउने कारण प्रदेशमा समयमा कार्यहरु हुन नसकेको सरकारको आरोप छ । 'सातै प्रदेशमा प्रदेश मातहत प्रहरी संगठन छैन' उनले भने, प्रहरी नभएको सरकारले शान्ति सुरक्षाको व्यवस्था कसरी मिलाउने ?

'केन्द्रीकृत मानसिकता अझै पनि हामीमा छ' नेता निधिले भने, कांग्रेसमा मात्र होइन यो प्रवृत्ति सबै पार्टीमा छ । समाज, विज्ञ, नागरिक अगुवामा पनि रहेको उल्लेख गर्दै उनले हालै स्वास्थ्य मन्त्रालयको सचिव, निजामती अस्पतालको कार्यकारी निर्देशक नियुक्तिका विषयलाई अप्रत्यक्ष रुपमा उठाए ।



'संविधानमा संघीय प्रणाली उल्लेख छ, तर सबै कुरा बालुवाटार र सिंहदरबारबाट नै हुनुपर्छ भने मानसिकता त्याग्न सकिएको छैन' कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'प्रति संकेत गर्दै निधिले भने, बूढानीलकण्ठबाट हुनुपर्छ, सानेपाबाट नै हुनुपर्छ भन्ने मानसिकता छ । तलबाट हुनुपर्छ भनेर सोचै जाँदैन ।

गणतन्त्र रक्षाका लागि एकजुट हुन दलहरुलाई आग्रह गर्दै आएको नेकपा माओवादीका नेताहरुले संघीयता ल्याएको दाबी गरे पनि त्यसको अधिकार दिन उदार देखिएका छैनन् । संविधानमा उल्लेखित अधिकारहरु समेत प्रदेशलाई संघीय सरकारले उपभोग गर्न दिएको छैन ।

नेपाली कांग्रेसले ऐन, कानुन वा संविधान संशोधन गरेर भए पनि संघीयता कार्यान्वयनमा ध्यान पर्नेमा उनले जोड दिए । 'संघीयताका लागि सबै प्रदेशको आ-आफ्नै प्रहरी संगठन हुन नसक्दा समस्या आएको छ ' उनले भने, कांग्रेसको भूमिका संघीयता कार्यान्वयनकै लागि केन्द्रित गर्नुपर्नेमा मैले पटक पटक भन्ने गरेको छु । तर हाल सम्म त्यो कार्यान्वयन हुन नसकेको उनले गुनासो गरे ।

'पालिकाहरुमा प्रशासकीय अधिकृत जानै चाहँदैनन्' उनले भने, प्रदेशमा सचिवका लागि मन्त्रीहरु सधैं पीडा पोख्ने गरेका छन् । संघीयता कार्यान्वयनमा केन्द्रीय मानसिकता हावी रहेसम्म संघीयता संस्थागत हुन नसक्ने उनको कथन थियो ।

विगतमा मधेश प्रदेशले संघीयताका लागि सशक्त रुपमा आवाज उठाउँदै प्रदेश प्रहरी कानुन समेत बनाइसकेको छ । कानुन बनाएको झण्डै ६ वर्ष बितिसक्दा पनि कार्यान्वयन हुन सकेको छैन । प्रदेशमा आन्तरिक मामिला(गृह) मन्त्रालय रहेको छ । तर त्यसले संघीय सरकार मातहतको प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी, इलाका र थाना चौकीहरुमा बजेट वितरण बाहेकको काम नै छैन ।

नेता निधिले संघीयताको पक्षमा वकालत गर्दै प्रादेशिक संरचनालाई सबल बनाउनु पर्ने आवाज उठाउँदै आएका छन् । तर उनको कथनलाई काँग्रेसका नेताहरुले समेत वास्ता गरेको देखिदैन । वर्तमान सरकारमा कांग्रेस प्रमुख साझेदार छ । तर प्रदेश सरकारले पाउनै पर्ने अधिकारको विषयमा मौन छ ।

कांग्रेसकै मन्त्रालयबाट मधेशीहरुमाथिको विभेद बढेको छ । यसमा एमाले र माओवादी पनि पछाडि छैन । ठूला दलहरुले पार्टीमा समेत प्रादेशिक संरचनालाई प्रभावकारी बनाउन चाहेका छैनन् ।

देशमा गणतान्त्रिक लोकतन्त्रलाई समाप्त गर्न आन्दोलनको तयारी भइरहेको बेला संघीय सरकारले मधेशी, आदीवासी, जनाजातीसित गर्ने विभेद झन बढाएको छ । राज्यबाट भइरहेको विभेदले संघीयता विरोधी तत्वहरुलाई सहयोग मिल्न सक्ने मधेशी नेताहरुले चेतावनी दिन थालेका छन् ।






# पूर्वानुमान प्रणालीलाई सुदृढ बनाउन सरकार प्रतिबद्ध छ : मन्त्री खड्का




काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले हिमतालको संरक्षण र मौसम पूर्वानुमान प्रणालीलाई सुदृढ बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

जल तथा ऊर्जा आयोगको सचिवालयको आयोजनामा सोमबारदेखि सुरु भएको 'नेपाल राष्ट्रिय हिमनदी, जल तथा मौसम सप्ताह-२०८१'को शुभारम्भ गर्दै मन्त्री खड्काले हिमतालको संरक्षण गर्न आगामी दिनमा सरकारले बजेटको व्यवस्था गर्ने बताउनुभयो ।

"हिमताल फुट्दाको जोखिमबाट उत्पन्न हुने अवस्था भयावह छ, यो फुटेपछि मानवीय क्षतिसँगै आयोजनाको समेत ठूलो क्षति हुने भएकाले यसलाई समयमै जोगाउनतर्फ लाग्नुपर्छ," मन्त्री खड्काले भन्नुभयो । उहाँले जलवायु परिवर्तन र विश्वमा भएको तीव्र औद्योगिकरणका कारण विश्वको तापक्रम बढ्दै जाँदा यसको असर नेपालका हिमालमा परेको भन्दै चिन्ता व्यक्त गर्नुभयो ।

"हिमाल उत्पत्ति भएसँगै हिमताल बनेका छन्, प्राकृतिक हिमतालको संरक्षण गर्नु आजको आवश्यकता हो, हिमतालको संरक्षणका लागि आगामी वर्ष बजेटको व्यवस्था गर्छौं," उहाँले भन्नुभयो । मन्त्री खड्काले जलवायु परिवर्तनको बढ्दो प्रभाव, हिमनदीको घट्दो अवस्था तथा जल र मौसमको बदलिँदो स्वरूपलाई दृष्टिगत गर्दै सरकारले नीति निर्माणदेखि व्यवहारिक समाधान खोज्नेतर्फ विशेष ध्यान दिन आवश्यक रहेको उल्लेख गर्नुभयो । पानीको अधिकतम उपयोग र संरक्षण गर्नतर्फ सबै लाग्नुपर्ने उहाँको भनाइ थियो ।

"नेपालमा हिमालय पर्वत शृङ्खलाबाट उत्पन्न हुने नदी तथा हिमनदीले हाम्रो ऊर्जा, कृषि, पर्यटन र जैविक विविधताको आधार निर्माण गरेका छन्, यी जलस्रोत हाम्रो संस्कृति, सभ्यता र आर्थिक विकासको मेरुदण्ड हुन्, पछिल्ला वर्षमा जलवायु परिवर्तनका कारण हाम्रा हिमनदी खुम्चिँदै गएका छन्, यसले जलस्रोत व्यवस्थापन र भविष्यको जलसुरक्षासम्बन्धी गम्भीर चुनौती उत्पन्न गरेको छ," मन्त्री खड्काले भन्नुभयो । जलस्रोत र मौसम विज्ञानको अध्ययन, अनुसन्धान तथा प्रविधिको प्रयोगलाई अझ प्रभावकारी बनाउन आवश्यक रहेको उहाँले बताउनुभयो ।

> "हिमताल फुट्दाको जोखिमबाट उत्पन्न हुने अवस्था भयावह छ, यो फुटेपछि मानवीय क्षतिसँगै आयोजनाको समेत ठूलो क्षति हुने भएकाले यसलाई समयमै जोगाउनतर्फ लाग्नुपर्छ," मन्त्री खड्काले भन्नुभयो ।

सरकारद्वारा हाल सञ्चालन भइरहेका विभिन्न जल तथा मौसमसम्बन्धी पूर्वानुमान प्रणालीलाई डिजिटल प्रविधिसँग समायोजन गर्दै प्रभावकारी आपत्कालीन व्यवस्थापन प्रणाली स्थापना गरिने उल्लेख गर्नुभयो । मन्त्री खड्काले स्वच्छ पानीको प्रवर्द्धन, मौसम पूर्वानुमान प्रणालीको सुदृढीकरण तथा जलस्रोतको दिगो व्यवस्थापनलाई प्राथमिकता दिँदै नीति तथा कार्यक्रम सरकारले अघि बढाइरहेको स्पष्ट पार्नुभयो । सरकार दिगो जलस्रोत व्यवस्थापन र जलवायु अनुकूलन रणनीति कार्यान्वयन गर्न प्रतिबद्ध रहेको उहाँको भनाइ थियो ।


मन्त्री खड्काले जलस्रोत व्यवस्थापनको क्षेत्रमा नेपालले छिमेकी देशसँग मिलेर काम गर्नसक्ने थुप्रै अवसर रहेको बताउनुभयो । उहाँले जल तथा मौसम विज्ञानसँग सम्बन्धित अनुसन्धान संस्थासँग सहकार्य गरी नेपालका जलस्रोतको दिगो व्यवस्थापन तथा विकासलाई सुनिश्चित गर्न लाग्ने उल्लेख गर्नुभयो ।

जल तथा ऊर्जा आयोग सचिवालयका सचिव मधुप्रसाद भेटुवालले एक हप्तासम्म चल्ने नेपाल राष्ट्रिय जल तथा मौसम सप्ताहले पानी, जलवायु, मौसमलगायतका विषयमा जनचेतना अभिवृद्धि गर्न सहयोग पुग्ने बताउनुभयो । उहाँले जल तथा मौसमसम्बन्धी अनुसन्धान, नीतिगत सुधार, प्रविधि हस्तान्तरण, तथा अन्तर्राष्ट्रिय सहकार्यलाई अझ मजबुत पार्न यस्ता कार्यक्रमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

'हिमनदी संरक्षण, सबैका लागि समयमै पूर्वसूचना' नाराका साथ मनाउन लागिएको उक्त सप्ताहमा नेपालका हिमनदी र जल तथा मौसमको बारेमा जनचेतना फैलाइने आयोगका सहसचिव जगदीश्वर कर्माचार्यले जानकारी दिनुभयो । उक्त सप्ताह यही चैत १० गतेसम्म चल्नेछ ।रासस

# पूर्व विशिष्टलाई कानुन बनाएर सेवासुविधा दिन उपयुक्त हुन्छ : गृहमन्त्री लेखक

> सिरहा, रौतहट लगायतका जिल्लामा नागरिकताका विषयमा उठेका विषयमा कानुन अनुसारको अनुसन्धानको प्रक्रिया अघि बढिसकेको गृहमन्त्री लेखकले बताउनुभयो ।



काठमाण्डु । गृहमन्त्री रमेश लेखकले पूर्व विशिष्ट पदाधिकारीलाई कानुन बनाएर सेवा सुविधा दिइने वा नदिइने भन्ने स्पष्ट पारिनुपर्ने बताउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सदनमा उठेका प्रश्नको जवाफ दिनुहुँदै गृहमन्त्री लेखकले पूर्व विशिष्टलाई सेवासुविधा दिनका लागि अहिले कुनै कानुनी व्यवस्था नरहेको, अदालत, महालेखापरीक्षकको कार्यालय र संसदीय समितिहरुलेसमेत कानुन बनाएर सेवासुविधा उपलब्ध गराउन सुझाव दिएका कारण यो कानुन बनाउन लागिएको बताउनुभयो । यस्तो सेवासुविधा उपलब्ध गराउँदा राज्यकोषमा अतिरिक्त भार नपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

गृहमन्त्री लेखकले विधेयकको मस्यौदा पेस गर्दा राज्यलाई अनावश्यक आर्थिक दायित्व नपरोस्, सार्वजनिक पदहरुको गरिमा र मर्यादा अभिवृद्धि होस् तथा नागरिक स्वीकार्यता राज्यको सक्षमताबीचमा सन्तुलन होस् भन्ने कुरामा सरकार सजग र सचेत रहेको बताउनुभयो । जनताले तिरेको कर जनताका प्रतिनिधिले तयार गरेको कानुन बमोजिम खर्च गर्नुपर्दछ भन्ने स्थापित मान्यता रहेकामा सोही मान्यताअनुसार नै गर्ने भन्ने सरकारको धारणा रहेको उहाँले बताउनुभयो ।

"अन्तर्राष्ट्रिय अभ्यास, अदालतका फैसला र विगतका निर्णय एवं जनताको भावना, सञ्चार जगत्ले बिना कानुन यस्ता सेवा सुविधा दिन नहुने गरेको खबरदारीलाई समेत ध्यानमा राखेर सरकारले कानुन निर्माणको आवश्यकता महसुस गरेको हो । आगामी दिनमा सरकारले पेस गर्ने मस्यौदामा संसद्ले गरेको निर्णयको कार्यान्वयन सरकारले गर्नेछ", गृहमन्त्री लेखकले भन्नुभयो । पाथीभरा केवलकार निर्माणको प्रक्रियामा उठेका जिज्ञासाबारे सम्बोधन गर्दै विरोधका लागि विरोध र विषयवस्तुलाई विषयान्तर गराउने भन्दा पनि सबैको जिम्मेवारीपूर्ण भूमिका सरकारले अपेक्षा गरेको उहाँको भनाइ थियो ।

"सरकार केवलकार निर्माणको विषयमा देखिएका समस्या वार्ता र संवादको माध्यमबाट शान्तिपूर्ण रुपमा समाधान गर्न चाहन्छ । आन्दोलनरत पक्षबाट उठाइएका सामाजिक, धार्मिक, सांस्कृतिक तथा स्थानीय समुदायका समस्यालाई सम्बोधन गर्न सरकार तयार छ । हाल उक्त क्षेत्रमा सुरक्षा निकायले उच्च संयमता अपनाइ शान्ति सुरक्षा प्रदान गरिरहेको जानकारी गराउँछु", "गृहमन्त्री लेखकले भन्नुभयो ।

विपद् व्यवस्थापन, सम्भावित आगलागीको पूर्वतयारी तथा विभिन्न स्थानमा भएका आगलागीका घटनाका सम्बन्धमा सरकारले प्राथमिकतामा राखेको उहाँले बताउनुभयो । गृहमन्त्री लेखकले देशका विभिन्न जिल्लामा भएका आगलागीका घटनामा सुरक्षा निकायले उपलब्ध स्रोतसाधनको सीमाभित्र रहेर कमभन्दा कम क्षति हुने गरी खटिएको जवाफ दिनुभयो ।

आगलागीका घटना हुन नदिने र भइहालेमा सो को नियन्त्रण तथा न्यूनीकरणका लागि सबै जिल्लामा डढेलो तथा आगलागी नियन्त्रण पूर्व तयारी तथा प्रतिकार्य योजना बनाइ कार्य गरिएको गृहमन्त्री लेखकले बताउनुभयो । आगलागी तथा डढेलोको घटना घटेमा तालिम प्राप्त जनशक्ति परिचालन गर्ने र जनशक्तिको सुरक्षासहित उपलब्धयन्त्र उपकरणको अधिकतम परिचालन गर्ने गरी तयारी अवस्था रहेका उहाँले बताउनुभयो ।

गृहमन्त्री लेखकले देशका विभिन्न स्थानमा भएका आपराधिक घटनाका विषयमा निष्पक्ष एवं अनुसन्धानका कार्यमा छानबीनको विषयमा जवाफ दिँदै केही घटनामा अनुसन्धान भइरहेको र केहीमा टुङ्गो लागिसकेको बताउनुभयो । उहाँले सकेसम्म अपराधका घटना घट्न नदिने र घटिहालेमा सो को निष्पक्ष छानबीन गरी दोषीलाई कारबाही गर्ने गरी गृह मन्त्रालय र अन्तर्गतका संयन्त्रले काम गरिरहेको बताउनुभयो ।

विभिन्न स्थानमा भएका सडक दुर्घटनाका विषयमा उठेका प्रश्नको जवाफ दिँदै गृहमन्त्री लेखकले सडक दुर्घटनामा भएका घाइतेको उपचार र आवश्यक क्षतिपूर्तिको विषय प्रचलित कानुन बमोजिम भइरहेको बताउनुभो । उहाँले सांसदहरुले सीमावर्ती क्षेत्रमा जनताको आवतजावत, अत्यावश्यकीय सामग्री ल्याउँदाको अप्ठ्यारा तथा सिमामा हुने तस्करीको विषयमा जवाफ दिँदै यसलाई व्यवस्थित गर्न, सीमा अपराध नियन्त्रण तथा सीमामा नेपाली र भारतीय नागरिकको सुरक्षित, सहज र मर्यादित आवतजावतका लागि दुवै देशका सुरक्षा अधिकारीबीच समय समयमा समन्वयतात्मक बैठक बस्ने गरेको जानकारी दिनुभयो ।उहाँले भन्नुभयो, "सीमामा सुरक्षा निकायबाट निगरानी बढाइएको छ । यसैवर्षमा थप सात बोर्डर आउट पोष्ट थप्ने तयारी छ । अवैध चोरी, पैठारी नियन्त्रणमा पनि सक्रियता बढाइएको छ । अवैध चोरी पैठारीमा संलग्न जोसुकैलाई पनि शून्य सहनशीलताको नीतिअनुरुप कारबाही गर्ने गरिएको छ ।"

गृहमन्त्री लेखकले लागुऔषध उपचार तथा पुनःस्थापना केन्द्रमा उपचाररत लागुऔषध प्रयोगकर्तामाथि कुनै पनि अमानवीय व्यवहार र यातना दिइने विषयमा उठेका प्रश्न सरकारले नस्वीकार्ने बताउनुभयो । उहाँले नेपाल सरकारले सबै जातजाति, धर्म संस्कृति र परम्परालाई सम्मान तथा प्रवर्द्धन गरिरहेको उल्लेख गर्दै आगामी दिनमा सार्वजनिक बिदाको पुनरावलोकन गरी माझिको पर्व र परम्परालाई थप प्रवर्द्धन गरिने बताउनुभयो ।

दैलेखको जिल्ला प्रहरी कार्यालय तथा प्रहरी चौकीहरुमा सुरक्षाकर्मीको सङ्ख्या न्यून भएको सम्बन्धमा गृहमन्त्री लेखकले जनशक्ति थप गर्नुपर्ने आवश्यकता देखिएको बताउनुभयो । उहाँले भन्नुभयो, "प्रहरी र जनताको अनुपात, अपराधको घनत्व, भौगोलिक विकटता, सुरक्षाको संवेदनशीलता, आर्थिक गतिविधि लगायतका विषयलाई आधार मानेर नेपाल प्रहरीबाट भएको आन्तरिक अध्ययनबाट करिब २८ हजार जनशक्ति थप गर्नुपर्ने देखिन्छ । यो विषयलाई क्रमशः कार्यान्वयन गर्दै जाने विश्वास दिलाउँछु ।"

सिरहा, रौतहट लगायतका जिल्लामा नागरिकताका विषयमा उठेका विषयमा कानुन अनुसारको अनुसन्धानको प्रक्रिया अघि बढिसकेको गृहमन्त्री लेखकले बताउनुभयो । देशभरबाट ५७ इलाका प्रशासन कार्यालय स्थापनाका लागि माग आएकनमा अर्घाखाँचीको शीतगङ्गाको ठाडामा इलाका प्रशासन कार्यालय स्थापनाको मागका सम्बन्धमा पनि उपलब्ध स्रोतसाधनका आधारमा प्राथमिकीकरण गरी क्रमशः कार्यान्वयन गर्दै लगिने उहाँले बताउनुभयो ।

गृहमन्त्री लेखेकले बाल सुधार गृहमा देखिएका घटना घट्न नदिन एवं बाल सुधार गृहमा देखा पर्नसक्ने समस्याको दीर्घकालीन समाधान गर्ने हिसाबले कार्य अघि बढेको बताउनुभयो । उहाँले संसद्मा उठेका प्रश्नको जवाफ दिँदै उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन गरी जनताले अनुभूत हुनेगरी शान्ति सुव्यवस्था तथा सुरक्षा कायम गर्ने दिशामा गृह मन्त्रालय गम्भीर र संवेदनशील ढङ्गबाट काम गरिरहेको बताउनुभयो ।रासस

# 'प्राथमिकताप्राप्त क्षेत्रमा लगानी बढाउन नागरिक लगानी कोष अग्रसर'

काठमाण्डु । नागरिक लगानी कोषले सङ्कलित पुँजी राष्ट्र निर्माण र सरकारको प्राथमिकतामा परेका आयोजनाहरुमा लगानी वृद्धि गर्नेतर्फ अग्रसर भएको बताएको छ । कोषको ३५औँ वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित समारोहमा कोषले त्यसका लागि नीतिगत व्यवस्थामा समेत सुधार गर्न थालेको जानकारी गराएको हो ।

कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले लगानी विविधीकरण गनुपर्ने चुनौती रहेको जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, "छरिएर रहेको पुँजी एकीकृत गरी राष्ट्र निर्माणका कसरी लगानी गर्ने सरकारको प्राथमिकतामा रहेको क्षेत्रमा कसरी लगानी वृद्धि गर्ने ? उत्पादनमुकल क्षेत्र, कृषि, उद्योग, होटल, पर्यटन क्षेत्रमा कसरी लगानी बढाउने ? भन्ने चुनौती छ, त्यसका लागि केही नीतिगत व्यवस्था गरे पनि सुधार गर्नुपर्ने देखिएको छ ।"

उहाँले कोषमा अनलाइन सेवासमेत विकास गर्दै लगिएको जानकारी गराउँदै नगरिक पेन्सन योजनाको दायरा विस्तार गर्न जरुरी रहेको र त्यसमा सरकारको सहयोगको खाँचो रहेको औँल्याउनुभयो ।कार्यक्रममा अर्थसचिव घनश्याम उपाध्यायले मुलुकको आर्थिक वृद्धि र पूर्वाधारका क्षेत्रको विकासका लागि सरकारले अवलम्बन गर्ने नीति तथा कार्यक्रमको मार्गदर्शकका रुपमा अवलम्बन गर्दै अघि बढिरहेको बताउनुभयो । उहाँले कोषले सेवाप्रतिको जवाफदेहिता, पारदर्शिताका साथै सेवा सुधार गर्दै जानुपर्ने सुझाव दिनुभयो ।

सचिव उपाध्यायले बचतकर्ताको विश्वास जित्दै सङ्कलित वित्तीय स्रोत विविध क्षेत्रमा लगानी बढाउँदै जानुपर्नेमा जोड दिनुभयो । उहाँले ठूलो रकम मुद्दति निक्षेपमा रहेको पाइएकाले यसलाई कोषले सरकारका प्राथमिकताका क्षेत्रमा लगानी बढाउन जरुरी रहेको औँल्याउनुभयो । उहाँले उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार गरी रोजगारी, गरिबी निवारण र आयमूलक क्षेत्रमा गोगदान गर्नुपर्नेमा जोड दिनुभयो ।

नागरिक लगानी कोषका अध्यक्ष प्राडा सूर्यबहादुर थापाले सानो पुँजी सङ्कलन गरी अहिले दुई खर्ब ७३ अर्ब ७२ करोड वित्तीय स्रोत सङ्कलन गर्न कोष सफ भएको बताउनुभयो । उहाँले कृषि, पूर्वाधार, उत्पादनमूलक क्षेत्र, उद्योग, पर्यटनलगायत क्षेत्रमा पनि लगानी गनुपर्ने आवश्यकता महसुस भएको बताउनुभयो । उहाँले स्थापनासँगै निरन्तर नाफामा गइरहेको कोष बचत बढाउँदै जानु सफल भएको बताउँदै अझै बढाउने विश्वास व्यक्त गर्नुभयो ।

कोष विसं २०४७ मा स्थापना भएको हो । स्थापनाकालमा दुई करोड ४४ लाख बचतबाट सुरु भएको संस्थामा अहिले ६ अर्ब ४८ करोडको चुक्ता पुँजी पुगेको छ । विभिन्न सातवटा 'स्किम'हरु सञ्चालन गर्दै आएको छ । रासस

# उपभोक्ता अदालतमा पीडितलाई निःशुल्क कानुनी सहायता दिन माग



काठमाण्डु । सांसद प्रेम सुवालले सरकारले उपभोक्ता अदालतमा पीडितलाई निःशुल्क कानुनी सहायता दिन माग गर्नुभएको छ । प्रतिनिधिसभाको सोमबारको बैठकको शुन्य समयमा उहाँले भन्नुभयो, "उपभोक्ता ऐन बनेको छ वर्षपछि बल्ल उपभोक्ता अदालत स्थापना भएको छ, बिना बिल उपभोक्ता अदालतमा उजुरी दिन नपाइने भएकाले अनिवार्य बिल लिनेदिने विषयमा सरकारको पहल जरुरी छ, उपभोक्ताको मुद्दा सरकारले निःशुल्क लडिदिनुपर्छ ।"

सांसद दुर्गा राईले पूर्वविशिष्टहरुलाई आजीवन सेवासुविधा उपलब्ध गराउने विषयमा असन्तुष्टि जनाउनुभयो । उहाँले यौन व्यवसायबाट पर्यापर्यटन विकास गर्नुपर्ने भन्ने सांसदको सुझाव पनि उचित नभएको धारणा व्यक्त गर्नुभयो ।

सांसद डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीमा गएका सर्वसाधरणहरु अझै पनि ठगिने गरेको हुँदा समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । "सम्झौताअनुसारको सेवासुविधा दिलाउन श्रम मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु", उहाँले भन्नुभयो ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ ।
वृष : आम्दानी सामान्य भए पनि ठुलो खाँचो टर्नेछ ।
मिथुन : नयाँ व्यवसाय सुरु गर्ने मौका छ । महत्वपूर्ण काम गरेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।
कर्कट : प्रयत्न गर्दा भाग्यले साथ दिनेछ ।
सिंह : रमाइलो यात्राको अवसर जुट्न सक्छ ।
कन्या : सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ ।
तुला : प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ ।
वृश्चिक : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ ।
धनु : विगतका कमजोरी सच्याउने मौका मिल्नेछ ।
मकर : काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ ।
कुम्भ : सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ ।
मीन : अध्ययन अध्यापनमा प्रगति हुनेछ ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ५:०० बजे
बिहान पूजा आरती : ८:०० बजे
भोगराज लाग्ने समय : ११:३० बजे
निशुल्क अन्न क्षेत्र (दिउँसो) : १२:०० बजे
मन्दिर बन्द हुने समय : १२:०० बजे
खुल्ने समय (दिउँसो) : ४००: बजे
रात्री आरती पूजा हुने समय : ९:३० बजे
रात्री मन्दिर बन्द हुने समय : १०:०० बजे

## जानकी मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

## राम मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे



जनकपुरधामको पुलचौक स्थित बाभनविघामा सोमबारदेखि सुरु श्री सीताराम महायज्ञका लागि कलश यात्रा गर्दै स्थानिय । तस्बिर : दिपेन्द्र यादव

# एसइईलाई मर्यादित बनाउन मन्त्री भट्टराईको निर्देशन

काठमाण्डु । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले माध्यमिक शिक्षा परीक्षा (एसइई) लाई व्यवस्थित, मर्यादित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न निर्देशन दिनुभएको छ ।

सोमबार 'भर्चुअल' माध्यमबाट मधेस प्रदेशका शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखसँगको बैठकमा उहाँले परीक्षा सञ्चालनमा कुनै पनि कमजोरी स्वीकार्य नहुने स्पष्ट पार्नुभयो । मन्त्री भट्टराईले स्थानीय र प्रदेश सरकारसँग समन्वय र सहकार्यलाई विशेष जोड दिँदै परीक्षालाई जवाफदेही ढङ्गले सञ्चालन गर्न आग्रह गर्नुभयो ।



उहाँले परीक्षाको मर्यादा कायम राख्न नसकेमा शिक्षा विकास तथा समन्वय इकाइका प्रमुखसमेत जिम्मेवार हुनुपर्ने बताउनुभयो । "परीक्षाको गुणस्तर कायम राख्न र अन्य अवाञ्छीत क्रियाकलापलाई निरुत्साहित गर्न मन्त्रालयले विशेष निगरानीको व्यवस्था गरेको छ । सबै विद्यार्थीले न्यायोचित अवसर पाउनका लागि मन्त्रालय प्रतिबद्ध छ । परीक्षालाई सफलतापूर्वक सम्पन्न गर्न सबै सरोकारवाला निकायको सहयोगको आवश्यक छ", उहाँले भन्नुभयो । यस वर्षको एसइई परीक्षा यही चैत ७ देखि १९ गतेसम्म देशभरका दुई हजार ७९ परीक्षा केन्द्रमा एकैसाथ सञ्चालन हुँदैछ । परीक्षामा पाँच लाख १४ हजार ७१ विद्यार्थी सहभागी हुँदैछन् ।

परीक्षालाई थप समावेशी बनाउन यस वर्ष बाल सुधार गृह र कारागारमा समेत गरी तीनवटा विशेष परीक्षा केन्द्र निर्धारण गरिएका छन् । परीक्षाको पहिलो दिन अनिवार्य अङ्ग्रेजी र अन्य पाठ्यक्रमका विषयको परीक्षा हुनेछ भने चैत ८ गते नेपाली, चैत १० गते गणित, चैत १२ गते विज्ञान, १३ गते सामाजिक शिक्षा र बाँकी दुई दिनमा ऐच्छिक विषयको परीक्षा सञ्चालन हुनेछ ।परीक्षाको सुरक्षा, सामग्री व्यवस्थापन र अन्य आवश्यक तयारी अन्तिम चरणमा पुगेको मन्त्रालयले जनाएको छ ।रासस

# गणतन्त्रलाई सुदृढ बनाउन निर्वाचन प्रणाली र शासकीय स्वरुप परिवर्तन गरौँ : अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउन निर्वाचन प्रणाली र शासकीय स्वरुप परिवर्तन गर्नुपर्नेमा जोड दिनुभएको छ ।




जनता समाजवादी पार्टी (जसपा), सङ्घीय परिषद् अध्यक्ष राजेन्द्र श्रेष्ठद्वारा लिखित 'ऐतिहासिक नेपालमण्डल, सङ्घवादया सिद्धान्त व नेवाः म्हसीका' पुस्तकको सोमबार लोकार्पण गर्दै उहाँले पूर्णसमानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली नभएसम्म सङ्घीय लोकतान्त्रिक गणतन्त्रले स्थायित्व र सुशासन दिन नसक्ने बताउनुभयो ।

"अहिलेका घटनाक्रमले यसलाई पुष्टि गरिरहेको छ । देशमा जस्तो राजनीतिक घटनाक्रम देखा पर्दैछ, यसले शासकीय स्वरुप र निर्वाचन प्रणालीलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र अनुकूल नबनाउँदासम्म यस्ता राजनीतिक घटनाक्रम बारम्बार आइरहने छन्", अध्यक्ष दाहालले भन्नुभयो ।

सांसदहरू मध्येबाटै मन्त्रिमण्डल बनाउने प्रणालीले विभिन्न विकृति निम्त्याइरहेको र भ्रष्टाचार संस्थागत हुँदै जाने अवस्था देखिएको उहाँको भनाइ छ । अध्यक्ष दाहालले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली भएमात्रै राजनीतिक स्थायित्वसँगै जनताको आकाङ्क्षा सम्बोधन हुने जिकिर गर्नुभयो ।

उहाँले नेपाल संवत्लाई राष्ट्रिय संवत् घोषणा गरी सरकारी दस्ताबेजमा उल्लेख गर्ने र नेपाल भाषालाई सरकारी कामकाजको भाषाका रूपमा प्रयोगको निर्णय गरेर नेवाः पहिचानलाई अगाडि बढाइएको बताउनुभयो ।

**'सरकारमा जाने कुनै नीति छैन'**

अध्यक्ष दाहालले आफ्नो पार्टीले अहिले सरकारमा जाने नीति नलिएको स्पष्ट पार्नुभयो । "देशमा सङ्कट आयो भने त्यसलाई कसरी समाधान गर्ने भन्ने विचार दिन्छौँ तर यही सरकारमा सहभागी हुने कुनै नीति छैन", उहाँले भन्नुभयो । अध्यक्ष दाहालले सत्तारुढ दलसँग सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषयलाई चाँडो टुङ्ग्याउन छलफल भए पनि सरकारबारे कुनै संवाद नभएको बताउनुभयो ।

जसपा सङ्घीय परिषद् अध्यक्ष श्रेष्ठले दशवर्षे सशस्त्र सङ्घर्ष र जनआन्दोलनका बलमा नेपालबाट राजतन्त्र उन्मुलन भएको उल्लेख गर्दै इतिहासमा सीमित भइसकेको राजतन्त्र कुनै पनि हालतमा नफर्कने दाबी गर्नुभयो । "केही मानिस अहिले राजतन्त्र फर्काउछौँ भनेर लागेका छन्, त्यसको कयौँ गुणा बढी नागरिक सडकमा उत्रेर राजतन्त्र अन्त्य भएको हो", उहाँले भन्नुभयो, "सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप परिस्कृत र परिमार्जित गर्दै लैजानुपर्छ, जनतालाई थप अधिकार दिनेगरी अघि बढ्नुपर्छ ।"

अध्यक्ष श्रेष्ठले मुलुकमा देखिएका समस्या समाधान गर्न प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय शासकीय स्वरुपमा जानु नै अहिलेको आवश्यकता भएको बताउनुभयो । जनताको सङ्घर्षको बलमा प्राप्त सङ्घीयता, समानुपातिक/समावेशिताप्रति कसैले पनि आघात पुऱ्याउन नहुने र राजनीतिक उपलब्धि खोस्ने प्रयास गरिए जनताले त्यसको प्रतिवाद गर्ने बताउनुभयो । नेपालमा लिच्छवीकालमै महाजनपदसहितको सङ्घीय प्रणाली लागू भइसकेको उहाँको भनाइ थियो ।

नेपाल भाषा एकेडेमीका चान्सलर मल्ल के सुन्दरले सामन्ती राजतन्त्रले नेवार समुदायको पहिचान नामेट पारेको दृष्टान्त दिँदै राजतन्त्रको पक्षमा नेवार समुदाय कहिल्यै नरहेको स्पष्ट पार्नुभयो । "नेवारहरू कोही पनि राजतन्त्र फर्काउन चाहँदैन, राजतन्त्र कति पीडादायी थियो र त्यो पीडा खप्नेमध्ये नेवार समुदाय एक हो", उहाँले भन्नुभयो, "गणतन्त्र ल्याउन नेपाल मण्डलका नेवारको धेरै बलिदान छ, गणतन्त्रको रक्षाका लागि नेवार समुदाय अग्रपङ्क्तिमा उभिन्छ । प्रतिगमनकारी सल्बलाउन थालेका छन्, हामी कहाँ चुकेका हौँ भन्नेमा ठूला दलहरूले आत्मसमीक्षा भने गर्नुपर्छ ।"

भाषा आयोगका सदस्य सुरेशकिरण मानन्धरले विगत ४० वर्षदेखि वैचारिक आन्दोलनमा होमिएका नेवाः समुदायको सुक्ष्म अध्ययन गरेर पहिचानमा आधारित सङ्घीयता नै समाधान हो भन्ने निष्कर्षसहित नेता श्रेष्ठले पुस्तक लेख्नुभएको बताउनुभयो ।

पुस्तकमा नेवार समुदायको ऐतिहासिक विकासक्रम, प्राचीन नेपाल र नेपालमण्डलको विकासक्रम, गोरखा राज्य विस्तार र केन्द्रीकृत राज्यको प्रार्दुभाव, नेपालमा सङ्घवादी विचारको प्रार्दुभाव, सङ्घवादको सिद्धान्त, समावेशी लोकतन्त्र र निर्वाचन प्रणाली, सङ्घीयता विश्वव्यापी अभ्यास, सङ्घीयतामा पहिचानको अर्थ र महत्वबारे उल्लेख छ ।

दुई सय ८८ पृष्ठमा समेटिएको पुस्तकमा नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना, पहिचानसहितको सङ्घीयताका लागि आगामी मार्ग, पहिचानसहितको सङ्घीयतामा नेवाः, राज्यका अङ्ग र त्यसको पुनःसंरचना तथा वित्तीय सङ्घीयताबारे चर्चा गरिएको छ । लेखक श्रेष्ठ न्हूदँ राष्ट्रिय समारोह समिति ११४५ का अध्यक्ष हुनुहुन्छ ।रासस

# सिङ्गो दलित परिवार नै नागरिकताविहीन

शम्भुनाथ । एउटा सिङ्गो दलित परिवार नै नागरिकताबाट वञ्चित रहेको सुन्दा जोकोहीलाई पनि अच्चम लाग्न सक्छ तर, यर्थाथ यही हो । सप्तरीको शम्भुनाथ नगरपालिका-३ कचन्दाहाका मागैन सदाका पूरै परिवार अहिले आफ्नो पहिचान खोज्न ठूलै सङ्घर्ष गरिरहेको छ । नेपालमै जन्मिए, यही हुर्किएँ तर अहिलेसम्म आफू नेपाली भएको कुनै पहिचान नै पाउन नसकिएको ६० वर्षीय मागैन सदाको गुनासो छ ।

घरकै मूली व्यक्ति मागैनको नागरिकता नबन्दा उहाँकी श्रीमती ५५ वर्षीया उर्मिलादेवी सदा, उहाँका जेठो छोरा २२ वर्षीय गोविन्दा, कान्छो छोरा १९ वर्षीय दीपक नागरिकताविहीन छन् । नेपाली भएको प्रमुख पहिचान नै नागरिकता नपाएका ती परिवारका सदस्यहरूले अहिलेसम्म राज्यबाट पाउनुपर्ने सबै सेवासुविधाबाट वञ्चित भएको दुखसो पोख्छन् । स्थानीय साहुमहाजनमा खेतीपातीको काम गर्दै आउनुभएका मागैनले नागरिकताका लागि सबै निकायमा धाउँदै आए पनि पहिचान पाउन नसकिएको बताउनुभयो ।




जन्मेपछि कानुनी रूपमा राज्यको नागरिकहरूको फेहरिस्तमा नाम जोडिनुपर्छ तर बुबा फनि सदा र आमा चरी सदाको नागरिकता नहुँदा अहिले मागैन सदाको पूरै परिवार नै पहिचानबाट वञ्चित छन् । "बुबाको नागरिकता नहुँदा मेरो जन्मदर्ता बन्न सकेन, अहिले मेरो नागरिकता नहुँदा श्रीमती र छोराहरूको पहिचान बन्न नसकेको हो", उहाँ भन्नुहुन्छ, "जन्मदर्ता नबन्दा छोराहरूले विद्यालयमा पढ्न पाएनन् र उनीहरू सानै उमेरमा कमाउन भारत जानुपर्ने अवस्था आयो ।"

आर्थिक विपन्नताका कारण केही समय रोजगारीका लागि भारतको पञ्जाबमा काम गरेर फर्केका मागैन अब स्वदेशमै मेहेनत गर्न चाहे पनि नेपाली भएको कुनै पहिचान नहुँदा समस्या भइरहेको सुनाउनुहुन्छ । उहाँका अनुसार नागरिकताका लागि तत्कालीन गाविस कार्यालयदेखि अहिलेको स्थानीय तहको वडा कार्यालयसम्म नागरिकताको सिफारिसका लागि धाउँदै आएँ तर सकिएन ।

"नागरिकताको सिफारिसका लागि जन्मदर्ता खोज्छन्, श्रीमान्को नागरिकता र आमाबुबाको नागरिकता माग्छन्", उर्मिला सदा भन्नुहुन्छ, "तर न आफ्नो जन्मदर्ता छ, न श्रीमान्को नागरिकता नै, नेपाली भएको कुनै प्रमाण नै छैन ।" त्यसैले त नेपाली भएर पनि आफ्नो जीवन नै व्यर्थ भएको महसुस भइरहेको छ ।"

नागरिकता नहुँदा राज्यको मात्र होइन, समाज तथा समुदायबाट पनि अलग हुनुपरेको दुखेसो सुनाउँदै उर्मिला भन्नुहुन्छ, "नागरिकताकै अभावमा गाउँस्तरमा बन्ने कुनै पनि समूहमा सदस्यता पाउन सकिरहेकी छुइनँ ।" यस्तै समस्यासँग जुध्दैछन् सोही ठाउँका चन्दर सदाको परिवार पनि । उहाँका बुबा धोथर सदाको नागरिकता नहुँदा चन्दरको सिङ्गो परिवार नै नागरिकता पाउनबाट वञ्चित छन् ।

चन्दरको नागरिकता नहुँदा उहाँकी ३५ वर्षीया श्रीमती कदमीदेवी, जेठी छोरी १७ वर्षीया पूजा, १५ वर्षीया छोरी श्रद्धा, १० वर्षीय छोरा फुलेशरा, छ वर्षीया छोरी फुलेश्वरी सदा र चार वर्षीय छोरा आयुष सदा पनि जन्मदर्ता र नागरिकताबाट वञ्चित छन् । चन्दर सदाका बुबा धोथर सदाको नागरिकता नबन्दा अहिले पूरै परिवार पहिचानविहीन छन् ।

यो समस्या सप्तरीको शम्भुनाथ नगरपालिकामा मात्र होइन, सप्तरीको विभिन्न स्थानीय तहमा छ । सप्तरीका विभिन्न स्थानीय तहमा जन्मदर्ता, विवाह दर्ता र नागरिकताको ठूलो समस्या पाइएपछि व्यक्तिगत घटना दर्ताका लागि सचेतना कार्यक्रमसमेत सुरु गरिएको छ ।

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सप्तरीमा हरवाचरवा दलित समुदाय लक्षित घटना दर्ता अभियान सञ्चालन गरेको हो । अभियानका क्रममा शम्भुनाथ नगरपालिकाका विभिन्न वडा तथा जिल्लाका विभिन्न स्थानीय तहमा नागरिकताबाट वञ्चित भएकाहरूको तथ्याङ्क सङ्कलन गरी जन्मदर्ता र नागरिकता बनाउनसमेत पहल गरिरहेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता बिजली राम बताउनुहुन्छ ।

उहाँका अनुसार सप्तरीको शम्भुनाथ, बोदेबर्साइन, डाक्नेश्वरी नगरपालिका र रुपनी गाउँपालिकामा तथ्याङ्क सङ्कलनसँगै नागरिकता जन्मदर्ता बनाउने अभियान सञ्चालन गर्दै आएको छ । यसरी जन्मदर्ताबाट वञ्चित रहेका तीमध्ये अधिकांशले जन्मदर्ताकै कारण पढ्न नसकेको समेत नपाइएको तथ्य पाइएको छ । चेतना आभावमा नागरिकता र जन्मदर्ताको महत्त्व नबुझेर पूर्वजहरूले समयमै जन्म, विवाह र मृत्युदर्ता बनाउन होस नपुऱ्याउँदा अहिलेको सन्ततिले नराम्ररी दुःख पाइरहेको शम्भुनाथ नगरपालिकाका कार्यवाहक नगरप्रमुख अनिताकुमारी चौधरीको भनाइ छ ।

"त्यतिखेर पूर्वजहरूले नागरिकताको खासै महत्त्व बुझेन र बनाउने प्रयास पनि गरेन", कार्यवाहक नगरप्रमुख चौधरीले भन्नुभयो, "अहिले त्यहीँ भएर सन्ततिले दुःख पाइरहेका छन्, अब कानुनी जटिलता छ, हामीले चाहेर पनि नागरिकताका लागि सिफारिस गर्न सक्ने अवस्था छैन", उहाँको कथन छ । प्रमाण जुटाउन नसक्दा जन्मदर्ता र नागरिकताको सिफारिस गर्न कठिनाइ भइरहेको सुनाउँदै शम्भुनाथ नगरपालिका-३ का वडाध्यक्ष नवीनकुमार चौधरी ती परिवारको नागरिकता समस्या समाधानका लागि पहल गरिरहेको बताउनुहुन्छ ।

**७२ वर्षमा पनि भत्ता पाउनु भएन सतोदेवीले**

शम्भुनाथ नगरपालिका-३ कचन्दाहाका सतोदेवी सदा उमेरले ७२ वर्ष पूरा गरिसक्नुभएको छ तर अझै नागरिकता पाउन सक्नुभएको छैन । पच्चीस वर्षकै उमेरमा पति धोतर सदालाई गुमाएकी सतोदेवीले नागरिकता नभएकै कारण अझै राज्यबाट प्राप्त हुने हरेक सुविधाबाट वञ्चित हुनुपरेको दुखेसो सुनाउनुभयो ।

दलित मुसहर बस्तीमा एउटा फुसको छाप्रोमा कष्टकर जीवन बिताउँदै आउनुभएकी सतोदेवीले नागरिकताका लागि थुप्रै ठाउँमा गुहारे पनि सफलता पाउनुभएन । "छोराहरु सानै थिए, त्यत्तिबेलै पतिको मृत्यु भयो, पतिको नागरिकता थिएन", सतोदेवी भन्नुहुन्छ, "पतिको नागरिकता नहुँदा मेरो नागरिकता पनि बन्नेन, अहिले सबै सुविधाबाट वञ्चित छु ।" बुढेसकालमा पेट पाल्न न त कुनै काम गर्न सकिरहेकी छु, न सरकारले कुनै सुविधा नै दिन्छ, त्यसैले त अहिले गाउँ बस्तीमै भिक्षाटन गरेर भए पनि दुई छाक पेट पाल्दैछु, सतोदेवीले आँखाबाट आँशु झाँर्दै भन्नुभयो ।

"श्रीमान्को मृत्यु भएको करिब ४५ वर्ष भन्दा बढी भइसक्यो, तर म अहिलेसम्म सामाजिक सुरक्षा भत्ता पाउन सकेकी छुइन", सतोदेवी भन्नुहुन्छ, "सामाजिक सुरक्षा भत्ताका लागि नागरिकता खोज्छ, तर नागरिकता नै छैन ।" श्रीमान्को मृत्युपश्चात हरेक एकल महिलाले राज्यबाट सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था छ । तर नागरिकता नहुँदा आफू ती सुविधाबाट वञ्चित हुनुपरेको सतोदेवीको भनाइ छ ।

नागरिकता बनाइदिन वडाध्यक्षदेखि सिडिओसम्म गुहारे तर, अझै नागरिकता बन्न सकेन उहाँ दुखेसो पोख्नुहुन्छ । "वडाध्यक्षकहाँ पुग्दाँ पतिको नागरिकता ल्याउनु, सनाखत गर्ने मान्छे बोलाउनु भन्छन्", सतोदेवी भन्नुहुन्छ, "तर न पतिको नागरिकता छ, न सनाखत गर्ने भाइभतिजा नै छन् ।" एउटा भाइको मृत्यु भइसक्यो, अर्को भाइबुहारी रोजगारीका लागि भारत गएका उतै हराए, त्यसैले सनाखत गर्ने व्यक्ति नै पाइनँ । जीवनको अन्तिम क्षणसम्म पनि नागरिकता पाउने सपना पूरा हुनसकेको छैन", उहाँले थप्नुभयो । नागरिकताविहीन हुँदा राज्यबाट पाउनुपर्ने हरेका सेवा सुविधाबाट वञ्चित हुनुमात्र परेको छैन, आफ्नै देशभित्र गैरनागरिकका रूपमा बस्नुपर्ने अवस्था रहेको उहाँको दुखेसो छ ।रासस

# 'माइग्रेनिया' झारले गढीमाई र हलखोरिया साझेदारी वनमा समस्या

वीरगञ्ज । मिचाहा प्रजातीको 'माइग्रेनिया' झारका कारण बाराका गढीमाई र हलखोरिया साझेदारी वनमा नयाँ प्रजातिका सालका विरुवा हुर्कनलाई चुनौती थपेको छ । लामो समयदेखि 'माइग्रेनिया' झारकै नयाँ पालुवाका बोट बिरुवालाई ढपक्कै ढाकेर हुर्कन र बढ्नमा समस्या पार्दै आइरहेको जनाइएको छ ।

बाराको पथलैयास्थित गढीमाई साझेदारी वनका संस्थापक अध्यक्ष गणेशप्रसाद साहले 'माइग्रेनिया' झारको कारणले वनजङ्गल संरक्षणमा चुनौती थप्दै आइरहेको बताउनुभयो । "उक्त झारले नयाँ प्रजातीका सालका बोटबिरुवालाई ढाक्दा बोटबिरुवा हुर्कन र बढ्न पाइरहेका छैनन्, यसका कारण वनमा नयाँ खालको समस्या थपिरहेको छ", उहाँले भन्नुभयो, "माइग्रेनिया झारले वनलाई नै छोप्ने हो कि भन्ने आशङ्का उत्पन्न गराइरहेको छ ।" विगतमा वैज्ञानिक वन कार्यक्रम लागू भएर पुराना रुख काटेर खाली भएको नयाँ ठाउँमा नयाँ साल तथा अन्य प्रजातीका बिरुवा हुर्काउन र बढाउन समस्या भइरहेको उहाँले बताउनुभयो ।

यद्यपि वैज्ञानिन वन कार्यक्रम २०७६ सालमा खारेज भएर अहिले दीगो वन कार्यक्रम लागू भइसकेको छ । गढीमाई साझेदारी वन ९५८ हेक्टरमा फैलिएको छ । वनमा खेतला लगाएर हिउँदेयाममा माइग्रेनियाको झारलाई हटाउने प्रयास गरे पनि समस्या अझै समाधान हुन सकिरहेको छैन । माइग्रेनिया झारको कारणले बाराकै हलखोरिया साझेदारी वन पनि उत्तिकै प्रभावित हुँदै आइरहेको छ । महेन्द्र राजमार्गसँगै जोडिएको हलखोरिया साझेदारी वनमा पनि माइग्रेनिया झारको प्रकोप कायमै छ ।



हलखोरिया साझेदारी वनका अध्यक्ष विकल्प भट्टराईले हलखोरिया साझेदारी वनको ३५ हेक्टर क्षेत्रफलमा माइग्रेनियाको समस्या रहेको बताउनुभयो । "केही वर्षदेखि साझेदारी वनको झाडी सरसफाइ गर्न सकेका छैनौँ", उहाँले भन्नुभयो, "मधेस प्रदेशबाट हलखोरिया वनको १० वर्षे दिगो वनको कार्ययोजना स्वीकृत नभएकाले मिचाहा जातको माइग्रेनिया रोकथाम र नियन्त्रणको काम प्रभावित हुँदै आइरहेको छ । हलखोरिया साझेदारी वन दुई हजार ३८ हेक्टर क्षेत्रफलमा फैलिएको छ । त्रिभुवन विश्वविद्यालय वन विज्ञान अध्ययन संस्थानका प्राध्यापक डा राजेशकुमार राईले मिचाहा प्रजातिको माइग्रेनिया झारलाई फूल फुल्नु अगावै तीन सातामा एक पटकको दरले तीन पटक काटेको खण्डमा ८० प्रतिशतसम्म न्यूनीकरण गर्न सकिने बताउनुहुन्छ ।

"हिउँदेयाममा सुकेको माइग्रेनिया झार हटाएर यसको रोकथाम तथा न्यूनीकरण गर्न सकिदैंन" उहाँले भन्नुभयो, "असार-साउन महिनामा माइग्रेनिया झारलाई तीन-तीन साताको अन्तरमा झार काटेको खण्डमा धेरै हदसम्म नियन्त्रण गर्न सकिन्छ ।" माइग्रेनिया झार विशेषत भदौ र असोज महिनामा फूल फुल्ने गर्छ । प्राध्यापक डा राईले सडकसँगै जोडिएको खुल्ला ठाउँको वनजङ्गलमा सूर्यको प्रकाश पुग्ने ठाउँमा माइग्रेनिया झार अत्यधिक मात्रामा हुर्किने भएकाले पनि बाक्लो वनजङ्गलले घेरेर राखेको खण्डमा धेरै हदसम्म माइग्रेनिया झारलाई नियन्त्रण गर्न सकिने बताउनहुन्छ । रासस


## कर्मचारी चाहियो

शंकर अटोमोबाइल (हिरो शोरुम)मा केही कर्मचारीहरुको आवश्यकता भएको हुँदा इच्छुक महानुभावहरुले यथाशिघ्र सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

**कर्मचारीको पद**

हेडमिस्त्री १

सिनियर एकाउन्टेन्ट १

**सम्पर्क**

शंकर अटोमोबाईल (हिरो शोरुम)


धनुषाधाम -३, धनुषा

मोबाईल नं : ९८१०१७११६३,९८१२१२००३८

email: amarjaiswalsanjani@gmail.com



जनकपुर टुडे
२०८१ साल चैत ०५ गते मंगलबार (18 March, Tuesday, 2025)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# विभेदलाई मौन समर्थन

नेपालको संविधानले भेषभुषा, भुगोल, भाषा, लिंग, वर्ण, जात कुनै आधारमा कसैसित विभेद गर्ने छुट कसैलाई दिएको छैन । तर राजनीतिक रुपमा मात्र नभइ कर्मचारीतन्त्रमा भइरहेको विभेद झन् चरममा छ । पछिल्लो दुईवटा घटनाले विभेद गर्नेहरुको मनोबल झन् उच्च बनाएको छ। देशका मुख्यसचिवको संयोजकत्वमा रहेको कर्मचारी सिफारिस समितिले भाषा, भेष र भुगोलको आधारमा गरेको विभेद सतहमै देखिएको छ। स्वास्थ्य मन्त्रालयको सचिवमा वरियता, अनुभव र योग्यता क्रममा पहिलो नम्बरमा रहेकी डा. संगीता मिश्रलाई स्वास्थ्य मन्त्रीले रोके । देशकै पुराना र सबै भन्दा ठूला दल नेपाली कांग्रेसका केन्द्रीय सदस्य समेत रहेका स्वास्थ्य मन्त्री प्रदीप पौडेलले डा. मिश्रलाई सचिव हुनबाट रोके । सचिवका लागि सबै योग्यता पूरा गरेकी डा. मिश्र मधेशी भएकै कारण अयोग्य भइन् । मधेशी रहेकै कारण उनी सचिव हुन पाएनन् । त्यसको महिना दिन नवित्दै निजामती कर्मचारी अस्पताल (सिभिल अस्पताल)को कार्यकारी निर्देशकका लागि पहिलो नम्बरमा डा. प्रमोद यादव सिफारिस भएका थिए । उनले सबै योग्यता, अनुभवलगायतको प्रक्रिया पूरा गरेका थिए । सिफारिस समितिले उनको नाम पहिलो नम्बरमै राखेको थियो । लोकसेवा आयोगको सिफारिस समितिले पहिलो वरियतामा राखेका डा. प्रमोद यादवलाई नियुक्त नगरि तेस्रो नम्बरमा रहेका डा. विकास देवकोटोलाई नियुक्त गरिएको छ । देवकोटा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको रजिष्ट्रारमा नियुक्त हुँदा व्यापक विवादमा परेका थिए । त्यसपछि उनी राजिनामा दिएका थिए । त्यति बेला उनले मन्त्रीलाई ७ करोड घुस दिएको आरोप समेत लागेको थियो । मधेशी भएकै कारण डा. रामप्रबोध चौधरीपनि विभेदमा परेका छन् । कोशी अस्पतालमा उनलाई पदोन्नति नगरी उनी भन्दा ७ वर्ष कान्छोलाई पदोन्नति गरी सबै वरियताको क्रमलाई भंग गरिएको हो । देशको निजामती सेवाको उच्च पदमा भइरहेको चरम विभेदलाई मधेशी दलहरुले समेत मौन समर्थन गरिरहेका छन् । उनीहरु मधेशको हिमायती रहेको दावी गर्दै मधेशमा मत लिए पनि मधेशीमाथि अन्याय हुँदा मौन समर्थन गर्दै आएका छन् । डा. मिश्र र डा. यादवलाई लोकसेवा आयोगको सिफारिस समितिले पहिलो नम्बरमा नियुक्तिका लागि सिफारिस गरेको हो । तर उनीहरु मधेशी भएकै कारण नियुक्ति पाएनन् । मन्त्री र मुख्य सचिव विभेदमा पछि छैनन् । नेपाली कांग्रेसबाट स्वास्थ्य मन्त्री बनेका प्रदीप पौडेलको विरुद्धमा कांग्रेस भित्र कसैले आवाज उठाएनन् । मुख्य सचिवको विरोध गर्ने कुनै भएन । मधेशीसित भइरहेको विभेदको पछिल्लो तीन उदाहरण प्रयाप्त छ । तर कांग्रेस, एमाले र माओवादीमा रहेका मधेशीहरुले विभेद गरिरहँदा त्यहाँ भित्रका मधेशीहरुले मुख खोल्न नसके पनि मधेशी दलका नेताहरुले बोल्न आवश्यक छ । एकजना सांसद डा. अमरेश कुमार सिंहले मात्र संसददेखि सञ्चार माध्यममा विभेदविरुद्ध सशक्त रुपमा आवाज उठाइरहेका छन् ।

# सकसमा उपभोक्ता अधिकार र उपभोक्ता अदालत



शीतलप्रसाद महतो

सामान्यतः जीविकाका लागि वस्तु वा सेवा खरिद गरी उपभोग गर्ने प्रत्येक व्यक्ति वा संस्थालाई उपभोक्ता मानिन्छ। उपभोगको चक्रलाई हेर्दा कुनै एक वस्तु वा सेवाको बिक्रेता वा आपूर्तिकर्ता अर्को वस्तु वा सेवाको क्रेता वा उपभोगकर्ता हुने भएकाले समाजका सबै व्यक्ति वा संस्था कुनै न कुनै रूपमा उपभोक्ता नै हुन्छन् । उपभोक्ता नभएको कुनै व्यक्ति वा संस्था हुँदैन। यस अर्थमा उपभोक्ता हकहित संरक्षणलाई आम रूपमा सबै नागरिकको हकहित संरक्षणका रूपमा हेर्न आवश्यक छ। उपभोक्ता संरक्षण अभियानलाई व्यक्तिको दैनिक जीवनयापनसँग सम्बन्धित आधारभूत हक-अधिकार संरक्षणका रूपमा लिन सकिन्छ। वस्तुतः उपभोक्ता हित संरक्षण गुणस्तरीय जीवनयापनसँग सम्बन्धित भएकाले उपभोक्ता हकलाई मानव अधिकारको अभिन्न अङ्गका रूपमा समेत लिने गरिन्छ । उपभोक्ताले आफूले उपभोग गर्न चाहेको वस्तु वा सेवा गुणस्तरयुक्त हुनुपर्ने र सो वस्तु वा सेवा उपयुक्त समयमा, उचित मूल्यमा र सहज रूपमा पाउनुपर्छ भन्ने उपभोक्ता अधिकारको आधारभूत मान्यता पनि हो ।

उपभोक्ता हकले मूलतः वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर आदिबारे सही सूचना पाउने, वस्तु वा सेवाको छनोट गर्न पाउने, वस्तु वा सेवामा सहज पहुँचको अधिकार रहने, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा पाउनेजस्ता अधिकार समेटेको हुन्छ। उपभोक्ताको अधिकार हनन भएमा स्वच्छ न्यायिक प्रक्रियाबाट क्षतिपूर्ति पाउने र बिक्रेतालाई उत्तरदायी बनाउने विषय उपभोक्ता हक अधिकारको अर्को महत्वपूर्ण विषय हो। उपभोक्ताको अधिकार संरक्षणका लागि उपभोक्ता अधिकार दिवस मनाउने गरिन्छ। 'स्वच्छ र प्रतिस्पर्धी बजार, उपभोक्ता हित संरक्षणको दिगो आधार' नाराका साथ यो दिवस मार्च १५ अर्थात् चैत २ गते विश्वभर मनाइएको छ।

सुरक्षा, छनोट, सुनुवाइ र सूचना चारवटा अधिकार १५ मार्च १९६२ मा अमेरिकी कांग्रेसबाट पारित भएको दिनको सम्झनास्वरूप प्रत्येक वर्ष यो दिवस मनाउने गरिन्छ। विगत केही वर्षदेखि नेपालमा पनि विभिन्न कार्यक्रमसहित एक दिन यो दिवस मनाइँदै आएको छ। आमउपभोक्ताको जीउ, स्वास्थ्य र सम्पत्तिसँग जोडिएको विषय मानवको बाँच्न पाउने अधिकारसँग जोडिएको उपभोक्ता अधिकार दिवसलाई राष्ट्रिय दिवसका रूपमा देशव्यापी सबै प्रदेश र स्थानीय सरकारले मनाउने गरेका छन्। राष्ट्रिय पर्वका रूपमा मनाउँदै वर्षभर गर्ने कार्यहरूको योजनासहित प्रतिबद्धता जाहेर गर्ने दिनका रूपमा समेत यस दिनलाई लिने गरिन्छ।

उपभोक्ता हकले मूलतः वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता र गुणस्तर आदिबारे सही सूचना पाउने, वस्तु वा सेवाको छनोट गर्न पाउने, वस्तु वा सेवामा सहज पहुँचको अधिकार रहने, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवा पाउनेजस्ता अधिकार समेटेको हुन्छ। उपभोक्ताको अधिकार हनन भएमा स्वच्छ न्यायिक प्रक्रियाबाट क्षतिपूर्ति पाउने र बिक्रेतालाई उत्तरदायी बनाउने विषय उपभोक्ता हक अधिकारको अर्को महत्वपूर्ण विषय हो ।

कुनै खास वस्तु वा सेवामा बिक्रेताको एकाधिकार, खरिदकर्ताको सौदाबाजी क्षमतामा कमी वा खरिदकर्ताभन्दा बिक्रेता सङ्गठित र शक्तिशाली हुने अवस्था लगायतका कारणले बिक्रेताबाट हुन सक्ने गलत व्यावसायिक अभ्यासविरुद्ध आम उपभोक्तामा चेतना अभिवृद्धि गर्नु, उनीहरूलाई क्षति हुन नदिनु र क्षति हुन गएमा सोबापत क्षतिपूर्ति उपलब्ध गराउनु उपभोक्ता संरक्षण कानुनको उद्देश्य रहेको हुन्छ। त्यसैले नेपालको संविधान, २०७२ को धारा ४४ मा उपभोक्ताको मौलिक हकसम्बन्धी व्यवस्था गरिएको छ। गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्ने र त्यसबाट कुनै प्रकारको क्षति भएमा क्षतिपूर्ति प्राप्त गर्ने व्यवस्था छ। ती हकको कार्यान्वयनका लागि विशेष ऐनका रूपमा सरकारले उपभोक्ता संरक्षण ऐन-२०७५ कार्यान्वयनमा ल्याएको छ । तर मौलिक हक कार्यान्वयनका लागि राज्यस्तरबाट जे-जे गर्नुपर्ने हो, त्यस कार्यका लागि भने सरकारी निकाय लगभग मौन छ।

उपभोक्ता संरक्षण ऐन-२०७५ को दफा ६५ ले उपभोक्ता संरक्षण ऐन-२०५४ लाई खारेज गरेको छ तर सो ऐनबमोजिम दर्ता भई सुनुवाइका क्रममा रहेका दर्जनौं मुद्दाबारे उपभोक्ता संरक्षण ऐन-२०७५ मौन छ, जसले गर्दा उपभोक्ताका दर्जनौं उजुरी जिल्ला प्रशासन कार्यालयमा थन्किरहेका छन् । भर्खरै गठन गरिएको उपभोक्ता अदालतमार्फत आमउपभोक्ताले फरक अनुभूति गर्ने गरी कार्य सम्पादन गराउन सरकार जिम्मेवार हुनुपर्छ। उपभोक्ता संरक्षण ऐन २०७५ मार्फत राज्यबाट आमउपभोक्तालाई दिएका अधिकार एवं संविधान प्रदत्त मौलिक हक सफल कार्यान्वयनका लागि गठन भएका उपभोक्ता अदालत अब ७७ वटै जिल्लामा गठन गर्न सक्नुपर्छ।

वस्तु र सेवा दुवैमा जनतामाथि हुने अन्याय, लुट, ठगी रोक्न र विधिको शासन तथा कानुनीराजको अनुभूति गर्न कमसेकम पहिलो चरणमा सात प्रदेशमा तत्काल उपभोक्ता अदालत गठन गर्नुपर्छ अनि मात्र राज्यप्रति आमउपभोक्ताको विश्वास बढ्छ। सँगसँगै अदालतप्रति पनि आमविश्वास बढाउन सकिन्छ । बजार व्यवस्थापन उपभोक्ता हक-अधिकार संरक्षण र प्रवर्द्धन गर्न सबै निकायको अधिकार दायित्व र कार्यक्षेत्र प्रस्ट रूपमा बाँडफाँड गर्नुपर्ने देखिन्छ। उपभोक्ता हित विपरीतको कसुर ३६५ दिनै हुने हुँदा चुस्त-दुरुस्त र पारदर्शी संयन्त्रबाट अनुगमन र नियमन तथा दण्ड र पुरस्कारको व्यवस्था मिलाउनुपर्ने देखिन्छ। अत्यावश्यक खाद्य सामग्री तथा गैरखाद्यसामग्रीको मूल्य, गुणस्तर र नियमित आपूर्तिको व्यवस्था मिलाउँदै गुणस्तरलगायतको नियमन नियन्त्रण अति आवश्यक छ।

स्पष्ट आपूर्ति नीति, बजार नीति, उपभोक्ता हित संरक्षण नीतिलगायत कार्यान्वयनमार्फत एउटा नागरिक वस्तु र सेवाको उपभोग गरेर फर्कदा ढुक्क हुने वातावरण सिर्जना गर्नुपर्छ। यसैगरी प्रदेश र स्थानीय पालिकामा अनिवार्य रूपमा एउटा सुपथ मूल्य पसल, उपभोक्ता हकहित सूचना केन्द्र, गुनासो व्यवस्थापन एकाइको स्थापना र सञ्चालन नहुँदा सबै क्रियाकलाप प्रभावकारी हुन सकेको छैन् । उपभोक्ता हित, स्वच्छ बजार, गुणस्तर र मापदण्ड निर्माण गर्ने विभाग, खाद्य प्रविधि, औषधि व्यवस्था, नेपाल गुणस्तर, कृषि पशु स्वास्थ्य शिक्षा, यातायात सञ्चार, विद्युत्, खानेपानीजस्ता विभागको एकीकृत कार्ययोजना सहज कार्यान्वयनका लागि विशेष कार्यक्रम नीतिगत रूपमै प्रस्ट हुनुपर्दछ । सचेत र सक्रिय उपभोक्ता निर्माणका लागि उपभोक्ता शिक्षा कार्यक्रम घरदेखि विद्यालयसम्म लागू हुनुपर्छ।

उपभोक्ता अधिकार पूर्ण रूपमा कार्यान्वयन गर्न हरेक वस्तु र सेवा क्षेत्रमा सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयन गर्नुपर्ने अहिलेको आवश्यकता छ। मूल्य, गुणस्तर परिमाण र शुद्धतामा यसले सकारात्मक प्रभाव पार्छ। उपभोक्ता हकहित र स्वच्छ बजारका क्षेत्रमा नयाँ-नयाँ दृष्टिकोण ल्याउन आवश्यक छ। उपभोक्ता हित संरक्षण र प्रवर्द्धन गर्न जारी गरेका दर्जनौं ऐन-कानुनलाई सफल र प्रभावकारी कार्यान्वयन गर्न विशेष कार्ययोजनासहित आमउपभोक्तालाई जागरुक गराउन सके मात्र उपभोक्ता अधिकार दिवसले सार्थकता पाउन सक्छ। अन्यथा, विगतका वर्षमा जस्तै वर्षभर आपूर्तिको समस्या, मूल्यवृद्धिको मार, गुणस्तरहीनताको प्रभावलगायतबाट मुक्ति पाउन सकिँदैन।

> उपभोक्ता अधिकार पूर्ण रूपमा कार्यान्वयन गर्न हरेक वस्तु र सेवा क्षेत्रमा सूचनाको हकसम्बन्धी कानुनको कार्यान्वयन गर्नुपर्ने अहिलेको आवश्यकता छ । मूल्य, गुणस्तर परिमाण र शुद्धतामा यसले सकारात्मक प्रभाव पार्छ । उपभोक्ता हकहित र स्वच्छ बजारका क्षेत्रमा नयाँ-नयाँ दृष्टिकोण ल्याउन आवश्यक छ । उपभोक्ता हित संरक्षण र प्रवर्द्धन गर्न जारी गरेका दर्जनौं ऐन-कानुनलाई सफल र प्रभावकारी कार्यान्वयन गर्न विशेष कार्ययोजनासहित आमउपभोक्तालाई जागरुक गराउन सके मात्र उपभोक्ता अधिकार दिवसले सार्थकता पाउन सक्छ ।

आमउपभोक्तासँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जोडिने कुनै पनि क्षेत्रमा सन्तोषजनक काम हुन सकेको छैन। अनुगमन र नियमन पनि सीमित क्षेत्रहरू दाल, चामल, तेल, गेडागुडीलगायत खाद्यान्नमा मात्र सतही हिसाबले हुने गरेको अवस्था छ। अस्वाभाविक मूल्यवृद्धिका कारण दैनिक जीवनयापनमै कठिनाइ देखिएपछि आमनागरिकमा विद्रोह पैदा भई समस्या सिर्जना हुनसक्छ। यसतर्फ हामी समयमै सचेत हुन जरुरी छ। यसरी सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका स्वच्छ बजार कायम गर्ने नियमनकारी निकायबीच आपसी समन्वय र सहकार्य हुन सकेको देखिदैन । आमनागरिकको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने यस किसिमको संवेदनशील विषय प्राथमिकतामा पर्न सकेको छैन । अबोध बालक, वृद्धवृद्धा र अशक्त नागरिकले बढी मात्रामा प्रयोग गर्नुपर्ने दूध, पानी, तरकारी, फलफूल, माछामासुलगायत वस्तुको ' प्याकेजिङ' गर्नुपर्ने व्यवस्था भए पनि यस्ता वस्तुको गुणस्तरबारे आमउपभोक्तामा रहेको शङ्का निवारण गर्न सरकार गम्भीर हुन सकेको छैन्। विश्वव्यापी स्वच्छ र प्रतिस्पर्धी बजारको मान्यताविपरीत भइरहेको क्रियाकलाप नियन्त्रण गर्न विभिन्न मापदण्ड, नीति-नियम, ऐन, कानुनको समयसापेक्ष परिवर्तन गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ।

बजारमा सर्वमान्य विधिको शासन स्थापित गरी वस्तु तथा सेवाको मूल्य र गुणस्तरबारे व्यावसायिक सचेतना र उपभोक्ता शिक्षा प्रदान गर्न सरकारी निकायले जुन हिसाबले जिम्मेवारी बोध गर्नुपर्ने हो, त्यसो हुन सकेको छैन। बजारको मागअनुसार आपूर्ति गर्न स्वदेशी उत्पादन र आयातको विवरण झल्कने वैज्ञानिक अभिलेख राख्न सकिएको छैन। संविधानमा व्यवस्था गरिएको मौलिक हकको सफल कार्यान्वयन गर्ने हो भने बजार अनुगमन, नियमन, अध्ययन र सहज आपूर्ति व्यवस्था गरिनुका साथै अन्तरराष्ट्रिय मूल्य-मान्यता आत्मसात् गर्ने नीति कार्यान्वयन हुनै पर्दछ। त्यस्तै मूल्य नियमन, विश्लेषण र निर्धारण गर्ने, नमूना सङ्कलन र परीक्षण गर्ने व्यवस्था कडाइसाथ पालना हुनुपर्छ।

उपभोक्ता संरक्षण ऐन, २०७५ पुनर्लेखन गरी वस्तु सेवा क्षेत्रमा छरिएका कानुनको छाता कानुन निर्माण गर्न आवश्यक छ। दण्ड र पुरस्कार दुवैलाई राज्यले सँगसँगै लैजानुपर्ने अहिलेको आवश्यकता देखिएको छ । नेपालमा मात्र बिक्री गर्ने भनी आयात गरिएका तर स्पष्टसँग लेबल नखुलेका खाद्यवस्तुलाई सरकारले पूर्ण रूपमा आयात प्रतिबन्ध गर्नुपर्छ। उपभोक्ताको मौलिक हक संरक्षण गर्न गुनासो सुनुवाइ र व्यवस्थापन गर्ने गरी सरकारले शक्तिशाली उपभोक्ता आयोग गठन गरे आमउपभोक्ताको अधिकार सुनिश्चित हुने देखिन्छ।

आमनागरिकलाई अस्वाभाविक महँगीको मारबाट बचाउन सरकार, निजी क्षेत्र लगायतका सबै सरोकारवाला एकजुट हुनुपर्नेमा मुकदर्शक भएर वस्नुले आम उपभोक्तामा चरम निराशा छाएको छ । सामान्यतया मूल्य बढ्नुमा आर्थिक कारण जिम्मेवार हुन्छ । उत्पादन घट्नु, बजारको माग अनुरुपको आपूर्ति गर्न नसक्नु, कालोबजारी र व्यवसायीको बढी नाफा लिने प्रवृत्तिका कारण मूल्य वृद्धि हुने हो । यसका साथै मुलुकभित्र झाँगिएको बजारमा एकाधिकार पनि मूल्यवृद्धिको अर्को कारण हो । 'सिन्डिकेट' र 'कार्टेलिङ'प्रति सरकार उदासीन बस्दा मुलुकमा महँगी अनियन्त्रित रुपमा बढेको दावी उपभोक्ता अधिकारकर्मीको छ।

अनियन्त्रित रुपबाट बढेको महँगीको मारमा सामान्य व्यक्ति तथा परिवारदेखि मुलुकको अर्थतन्त्र समेत प्रभावित भइरहेको हुन्छ। एकातिर यसले विपन्न, निम्न मध्यम र मध्यम वर्गको दैनिक जीवन कष्टकर बनाइराखेको हुन्छ भने अर्कोतिर यसले मुलुकको समग्र अर्थतन्त्रलाई नै नराम्ररी प्रभावित गरिराखेको हुन्छ । यसको दीर्घकालीन असर बढ्दै गयो भने समाजमा विभिन्नखाले विभेद बढाउँछ । फलस्वरुप देशमा विभिन्नखाले द्वन्द्व र सामाजिक समस्या सिर्जना हुन्छ। त्यसकारण पनि कालोबजारी र अस्वाभाविक रुपमा नाफा खाने प्रवृत्तिलाई निरुत्साहित गर्दै राज्यले आमउपभोक्तालाई उपभोग्य वस्तुमाथिको सहज र सरल पहुँच उपलब्ध गराउन सक्नुपर्दछ।

वास्तवमा उपभोक्ता हकअधिकार संरक्षण नभएसम्म कुनै पनि मुलुकमा शान्ति, स्थिरता र समृद्धिको कल्पना पनि गर्न सकिँदैन । आमनागरिकलाई सहज र सरल ढङ्गबाट गुणस्तरीय खाद्यान्न उपभोगको पहुँच बढाउन हाम्रा तीनै तहका सरकार, राजनीतिक दल, सचेत नागरिक समाज, उपभोक्तावादी सङ्घ/सङ्गठन, अधिकारकर्मीलगायत सरोकार राख्ने सबै पक्षबीच एकीकृत प्रयास हुन आवश्यक छ।

# मुन्धुम संरक्षणको आवश्यकता



राजकुमार दिक्पाल

लिम्बूहरूको धर्मशास्त्रलाई 'मुन्धुम' भनिन्छ। लिम्बूहरूको संस्कार, संस्कृति तथा पराम्परागत पद्धति मुन्धुममा आधारित हुन्छ। मुन्धुमसँग लिम्बूहरूको जीवनदर्शन जोडिएको छ। पृथ्वीको सृष्टिको कथादेखि मुन्धुम सुरु हुन्छ। मानिसको सृष्टि र सभ्यता, ईश्वरीय शक्ति, सिकार युग, खेतीपाती, महिला र पुरुषबीचको सम्बन्ध, घर निर्माण, पशुपालन, नीतिनियम, मानिसको प्रकृतिसँगको सम्बन्ध आदिको वर्णनलाई लिम्बूका पुरोहितहरू साम्बा, येवा, येमा तथा फेदाङ्माहरूले काव्यात्मक शैलीमा गाउने वा फलाक्ने धर्मशास्त्र नै मुन्धुम हो।

लिम्बूहरूको सांस्कृतिक तथा आध्यात्मिक जीवनसँग सिधै सम्बन्ध राख्ने मुन्धुम गेयात्मक शैलीको हुन्छ। श्रुतिशास्त्रमा आधारित भएकाले यसलाई 'थुतुरी वेद' पनि भनिन्छ। मुन्धुमलाई पारिभाषिक रूपमा अर्थ्याउने श्रेय मुन्धुमविद् वैरागी काइँलालाई जान्छ। काइँलाले उल्लेख गरेअनुसार 'मुन्' र 'थुम्' शब्द जोडिएर मुन्धम शब्दको निर्माण भएको हो। लिम्बू भाषामा मुन् (मुम्-मा)को अर्थ हल्लनु वा गतिशील हुनु भन्ने लाग्छ। यस्तै थुम् (थुम्-मा)को अर्थ बलियो हुनु वा कठिन हुनु भन्ने अर्थ लाग्छ। यसरी हेर्दा लिम्बूहरूको सामाजिक, सांस्कृतिक तथा आध्यात्मिक जीवन गतिशील, बलियो तथा कठिन किसिमबाट अगाडि बढिरहेको भन्ने अर्थ खुलाउन सकिन्छ। पृथ्वीको सृष्टिकालदेखि नै लिम्बूहरूको जीवनशैली गतिशील, बलियो तथा कठिन ढङ्गबाट बढिरहेको सन्दर्भलाई विविध कोणबाट गेयात्मक रूपमा प्रस्तुत गरिने धर्मशास्त्र नै मुन्धुम हो।

मौखिक रूपमा प्रस्तुत गरिने भएकाले तथा मुन्धुम फलाक्ने वा गाउने व्यक्तिहरू अभाव हुँदै जाने भएकाले मुन्धुम पनि लोप भई जाने खतरा पनि उत्तिकै छ। मुन्धुमलाई जोगाउन यसको लिप्यान्तर अत्यन्तै जरुरी देखिएपछि मुन्धुमप्रति चिन्तित र सचेत व्यक्तिहरूले मुन्धुमको लिप्यान्तर र प्रकाशनमा महत्त्वपूर्ण योगदान दिँदै आएका छन्। पछिल्लोपटक युवाहरू पूर्णप्रसाद तबेबुङ, खड्कबहादुर इधिङ्गो, साम्बा बुद्धिराज मादेन, फेदाङ्मा मेघराज इधिङ्गो र युमा भक्तिदेवी फुरुम्बो आदिबाट सङ्कलन गरी संस्कृतिविद् डिबी आङ्बुङले सम्पादन, अनुवाद र लिप्यान्तर गरी निकै ठूलो मुन्धुमको ठेली ' याक्थुङ साम्जिक मुन्धुम'को प्रकाशन भएको छ। यो कृतिलाई मुन्धुम संरक्षणको क्षेत्रमा निकै ठूलो उपलब्धिका रुपमा लिइएको छ।

### मुन्धुम लिप्यान्तरको क्रम

सत्रौं शताब्दीमा सक्रिय विद्वान् सिरिजङ्गाले आफैं लिपिको आविस्कार गरी मुन्धुम संरक्षणको सुरुआत गरेका थिए। उहाँले आविष्कार गरेको लिपिलाई 'सिरिजङ्गा लिपी' भनिन्छ। पछि नेपाल र सिक्किमका गाउँहरूबाट सिरिजङ्गा र उहाँका चेलाहरूले लेखेको लेखोटहरू सङ्कलन गरेर ब्राइन हज्सनले बेलायत पुर्याएका थिए। हज्सनले त्यसबेला जोभानसिंह फागो, गुनमान खजुम, च्याङ्गेसिंह आदिबाट मुन्धुम लेख्न लगाई ती पाण्डुलिपिहरू बेलायत पुर्याएका थिए। तिनै पाण्डुलिपिका छायाँ प्रतिहरू लिएर २०१२ सालमा लन्डन युनिभर्सिटीको स्कुल अफ ओरियन्टल एन्ड अफ्रिकन स्टिडजका प्राध्यापक आरके स्प्रिग नेपाल आएका थिए।

लिम्बू लिपि, भाषा, मुन्धुम, संस्कृति, इतिहाससम्बन्धी लिम्बू लिपिमा लिपिबद्ध हस्तलिखत पाण्डुलिपिको छायाँप्रति लिएर नेपाल आउँदा उहाँ पाँचथर, सारतापस्थित डबल सुब्बा खड्गबहादुर नेम्वाङको घरमा महिना दिनजति श्रीमतीसहित बस्नुभएको थियो। पछि यी पाण्डुलिपिहरू अध्ययन गर्ने अवसर पाएपछि इमानसिंह चेम्जोङले २०१८ सालमा किरात मुन्धुम (किरातको वेद) प्रकाशनमा ल्याउनुभयो। यो नै लिम्बूहरूको मुन्धुमको लिप्यान्तरित पहिलो प्रकाशन हो। यहीँ पुस्तकमा आँखा लागेपछि आफू लिम्बूहरूको मुन्धुमप्रति आकर्षित भएको संस्मरण मुन्धुमविद् वैरागी काइँलाले ठाउँठाउँमा उल्लेख गरेको पढ्न पाइन्छ।

पछि काइँला आफैं हज्जन पेपर अध्ययनका लागि लण्डन पुग्नुभयो। त्यहाँ सुरक्षित कागजहरूमध्ये लिम्बू भाषा र सिरिजङ्गा लिपिमा लेखिएका सामग्री अध्ययनका लागि आफ्नो परियोजनामा संस्कृतिविद् डा रमेश ढुङ्गेलले उहाँलाई लण्डन पुर्याउनुभएको थियो। उहाँ सन् २००४ जुलाई र अगस्टका बीच पाँच साता लण्डनमा हज्सन पेपर अध्ययन गरी फर्किनुभयो। हज्सन पेपर अध्ययन गर्नुभन्दा धेरैअघिदेखि नै काइँलाले प्रशस्तै मुन्धुम सङ्कलन र प्रकाशन गर्नुभएको थियो।

### मुन्धुम सङ्कलनको रोचक घटना

मुन्धुमप्रति काइँलामा जागरुकता आएपछि उहाँ मुन्धुम सङ्कलनको अवसर खोज्दै हुनुहुन्थ्यो। उहाँले येबा दलबीर नायेम फागुबाट पहिलोपल्ट मुन्धुम सङ्कलन गर्ने अवसर पाउनुभयो। मुन्धुमको अध्ययनको सिलसिलामा आफ्नो घर झापाको खुदुनाबारीमा २०३४ मङ्सिर ८ देखि ११ गतेसम्म तङ्सिङ अनुष्ठानको आयोजना गर्नुभयो। विसं १९६० भदौ २९ गते जन्मेका येवा दलवीरको जन्मस्थल मैवाखोला इलाका थादिङ गाउँ चैनपुर हो। पछि उहाँ इलाम जिल्लाको नाम्सेलिङ गाउँमा बसाइँ सर्नुभयो। उहाँका सहयोगी रामप्रसाद याक्खा हुनुहुन्थ्यो। येवा दलवीरले गाएको मुन्धुम सो अवसरमा टेप गरेर पछिबाट आलेखन गरी सम्पादन गर्ने सिलसिलामा उहाँसँग काइँलाले पटकपटक भेट र छलफल गर्ने काम पनि गरेको उहाँले आफ्ना पुस्तकहरूमा मन्तव्यका क्रममा व्यक्त गर्नुभएको छ।

येवा दलवीरबाहेक अन्य जानकार येवाहरूको खोजी गर्दा याङ्घोक निवासी, पछि झापाको खुदुनाबारीमा बस्ने वीरबहादुर खेवाङ लिम्बूसँग भेट भयो उहाँको। यिनै वीरबहादुर नै पछिबाट वैरागीका माइला दाजु डिल्लीविक्रम नेम्वाङको घर झापाको खुदुनाबारीमा २०४९ माघ १६ देखि १९ गतेसम्म तीन राते तङसिङको आयोजना गर्दा मुख्य येवा हुनुहुन्थ्यो। येवा वीरबहादुरसँग येवा दलवीरले गाएको मुन्धुमको पाण्डुलिपि र उनी आफैँले गाएको मुन्धुमको पाण्डुलिपिमाथि व्यापक छलफल भई तुलनात्मक अध्ययनका साथ संशोधन तथा सम्पादन गर्ने कार्य वैरागी काइँलाले गर्नुभयो। यसरी मुन्धुमविद् वैरागी काइँला मुन्धुमको साधनामा लागेको पाइन्छ।

काइँलाको दलवीर नायम फागुसँगको भेट भएको घटना पनि रोचक छ। २०३३ सालतिर वैरागी झापाको खुदुनाबारीबाट पाँचथरको सारताप आफ्नो गाउँ हिँड्नुभएको थियो। उहाँ बेलुकी इलाम बजार, सुन्तलाबारीस्थित आफ्नी साइँली छेमाको घरमा बास बस्न पुग्नुभएको थियो। थाकेर सुतेको तर अचानक रातको १:०० बजेतिर कसैले गाउँदै गरेको मीठो आवाजले उहाँ ब्युँझिनुभयो। त्यसपछि केही तलको मामाको घरमा झर्नुभयो, जहाँ पूजा लगाइएको रहेछ, एक राते तङसिङ। साह्रै मीठो स्वरले मुन्धुम गाउँदै थिए, ती येवा। उहाँले बिहानसम्म बसेर येवाले गाएको मुन्धुमलाई टेप रेकर्ड गर्नुभयो।

'साप्पोःक् चोमेनः लिम्बूजातिमा कोखपूजा' (२०४९)को प्रकाशनबाट लिम्बू मुन्धुमसम्बन्धी पुस्तक प्रकाशन सुरु गरेका उनले हालसम्म मुन्धुमसम्बन्धी मात्रै ११ वटा कृति पाठकसमक्ष समर्पित गरिसकेका छन्। मुन्धुममा काइँलाले गरेको अतुलनीय योगदानको कदर गर्दै उहाँलाई २०७५ सालमा मदन पुरस्कार गुठीले जगदम्बाश्री पुरस्कार समर्पण गरेको थियो।

### मुन्धुम लिप्यान्तरको महत्व

मुन्धुम संरक्षणको पहल र यसको दार्शनिक व्याख्याका लागि डा चैतन्य सुब्बाको योगदान पनि अविस्मरणीय रहेको छ। उहाँले आफ्नै घरमा अनुष्ठान राखेर मुन्धुम रेकर्ड र उत्पादन गराउनुभएको थियो। उहाँ मुन्धुमको भरपर्दो दार्शनिक व्याख्याता हुनुहुन्थ्यो। मुन्धुम दर्शन निर्माण गरिरहेकै बेला तीन वर्षअघि उहाँको देहान्त हुनपुग्यो।

मुन्धुमको लिप्यान्तर र संरक्षण क्षेत्रमा योगदान दिनेहरूमा साधुसन्त स्वभावका लालसोर सेन्दाङ पनि एक हुनुहुन्थ्यो। मुन्धुम संरक्षणका लागिरहेको बेला राणाकालमा ताप्लेजुङबाट निर्वासित भई दार्जिलिङ र सिक्किमका विभिन्न गाउँहरूमा फिरन्ता भई मुन्धुमको प्रचार गरेको इतिहासमा पढ्न पाइन्छ।

यस्तै रणध्वज श्रेङ चोङवाङ, लक्ष्मण मेन्याङ्बो, हर्कराज कुरुम्बाङ, धनराज थलङ, अर्जुनबाबु मावुहाङ आदिलाई मुन्धुमको लिप्यान्तर, संरक्षण र व्याख्याका लागि महत्त्वपूर्ण व्यक्तित्वका रूपमा लिइने गरिएको छ। सामाजिक, नैतिक र धार्मिक धारणाको विकासको चरम अभिव्यक्ति मुन्धुममा पाइन्छ। अनेक आख्यानहरूद्वारा धार्मिक, नैतिक र सामाजिक अवधारणाका लागि सनातनी हिन्दूहरूको लागि अठार पुराणको महत्वजस्तै लिम्बूहरूका लागि मुन्धुमको महत्व छ।

मुन्धुम येवा, येमा, साम्बा तथा फेदाङ्माहरूले मुखले गाउने वा फलाक्ने विधा भएकाले यस विषयमा जानकार वा विज्ञ पुस्ताको अन्त्यसँग यो विधा पनि लोप भएर जाने खतरा उत्तिकै छ। त्यसैले यसको संरक्षणका लागि लिप्यान्तर र प्रकाशन अति जरुरी हुन पुग्यो। एउटा सिङ्गो समुदायको सभ्यता, त्यो समुदायको आध्यात्मिक तथा सांस्कृतिक मान्यता तथा जीवन दर्शनको आधार रहेकाले मुन्धुम अत्यन्तै महत्त्वपूर्ण अभौतिक सम्पत्ति भएकामा दुईमत छैन।

मुन्धुमको लिप्यान्तरको जति महत्व छ, यसको दार्शनिक व्याख्याको पनि उत्तिकै आवश्यकता छ।

## एमाले सचिवालय बैठक : लोकतान्त्रिक प्रणालीलाई थप सुदृढ बनाउने सङ्कल्प



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले संविधान कार्यान्वयनको एक दशकको समीक्षा गर्दै लोकतान्त्रिक प्रणालीलाई थप सुदृढ बनाउने सङ्कल्प गरेको छ ।

ललितपुर, च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा सोमबार बसेको सचिवालय बैठकले विभिन्न प्रस्ताव पारित गर्दै नेपालको संविधान र यसले संस्थागत गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी प्रणाली र सामाजिक न्याय जस्ता उपलब्धिको रक्षाका लागि दृढतापूर्वक उभिने सङ्कल्प गरेको एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो ।

"संविधानको प्रभावकारी कार्यान्वयन, राजनीतिक स्थिरताको सुनिश्चितता, सुशासन, प्रभावकारी सेवा प्रवाह, आर्थिक विकास र सुधारको दिशामा अघि बढ्न हामी प्रतिबद्ध छौं," बैठकपछि उहाँले भन्नुभयो । बैठकमा केही समय यता लोकतान्त्रिक गणतन्त्र र संविधान विरुद्ध भइरहेका सुनियोजित गतिविधिहरूप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

"लोकतान्त्रिक गणतन्त्र नेपाली जनताको सात दशक लामो बलिदानी सङ्घर्षको परिणति हो । विगतमा आन्दोलनका क्रममा गरिएका सहमति विपरीत राजतन्त्र पटकपटक जनताका अधिकारमाथि आक्रमण र सर्वसत्तावादतर्फ उद्यत भएपछि राजतन्त्र र लोकतन्त्रसँगै जान सक्दैनन् भन्ने निष्कर्षका साथ ऐतिहासिक संविधानसभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरिएको हो", पारित प्रस्तावमा भनिएको छ, "जनताको फैसलालाई उल्ट्याउने र मुलुकलाई पश्चगामी दिशामा फर्काउने कुनै पनि प्रयास सफल हुन सक्दैन भन्ने कुरा स्पष्ट छ ।"

> पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले बैठकलाई सम्बोधन गर्दै विकसित समसामयिक राजनीतिक विषय तथा सरकारका कामका बारेमा जानकारी गराउनुभएको थियो ।

पार्टीले लोकतन्त्र स्थापनापछिको छोटो समयमै नेपालले महत्त्वपूर्ण प्रगति हासिल गरेको उल्लेख गर्दै सशस्त्र द्वन्द्व, लामो सङ्क्रमणकाल र भूकम्पलगायत प्राकृतिक विपत्तिका बीचमा पनि भौतिक पूर्वाधार, सामाजिक क्षेत्र, जनताको जीवनस्तर, अन्तरराष्ट्रिय सम्बन्धलगायत क्षेत्रमा हासिल गरेको उपलब्धि महत्त्वपूर्ण भएको ठहर गरेको छ ।

पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले बैठकलाई सम्बोधन गर्दै विकसित समसामयिक राजनीतिक विषय तथा सरकारका कामका बारेमा जानकारी गराउनुभएको थियो । मुलुकको समसामयिक परिस्थिति र विकसित राजनीतिक घटनाक्रमका बारेमा सचिवालयका सदस्यहरूले बैठकमा आआफ्नो राय प्रस्तुत गर्नुभएको थियो । बैठकले लुम्बिनी प्रदेश कमिटीले थप गरेका २८ जनाको नाम अनुमोदन गरेको उपमहासचिव ज्ञवालीले जानकारी दिनुभयो ।रासस

# सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी विधेयक बहुमतले पारित

**प्रतिनिधिसभाको सोमबारकै बैठकमा प्रधानमन्त्री ओलीका तर्फबाट सञ्चारमन्त्री गुरुङले "सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" माथिको दफावार छलफल गरियोस्" भन्ने प्रस्ताव सदनमा प्रस्तुत गर्नुभएको थियो ।**

काठमाण्डु । प्रतिनिधिसभाको सोमबारको बैठकले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' बहुमतले पारित गरेको छ ।

बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेस गर्नुभएको थियो । उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दा प्रतिपक्ष दलका सांसदले प्रतिनिधिसभा नियमावलीको नियम २९ अनुसार डिजिटल प्रक्रियाबाट मत विभाजनका लागि माग गर्नुभएको थियो । मत विभाजन गर्दा उपस्थित एक सय ४५ सांसदमध्ये विधेयकका पक्षमा ९६ र विपक्षमा ४९ मत खसेकाले उक्त प्रस्ताव बहुमतले पारित भएको उपसभामुख इन्दिरा रानाले घोषणा गर्नुभयो ।विधेयकमाथि छलफलका क्रममा उठेका विषयमाथि जवाफ दिँदै सञ्चारमन्त्री गुरुङले मुलुकको सार्वजनिक प्रशासनलाई आमनागरिकको चाहनाबमोजिम जनमुखी, जवाफदेही र पारदर्शी बनाइ सेवाग्राहीलाई छिटो छरितो सेवाप्रवाहगरीसुशासनकोप्रत्याभूति गर्न सरकारले विधेयक ल्याएको बताउनुभयो । ऐनमा नसमेटिएका विषय नियमावली, निर्देशिका, विनियमावली, कार्यविधिमार्फत् संशोधन गरिने उहाँको भनाइ छ ।



मन्त्री गुरुङले गैरआवासीय नेपालीलाई नयाँ तरिकाले परिभाषित गरेका कारण उनीहरूलाई भिसाको व्यवस्था गरिएको बताउनुभयो । विदेशमा बस्ने नेपाली नागरिक तथा नेपाली मुलका विदेशी नागरिक फरक-फरक भएकाले त्यस्ता नागरिकलाई गैरआवासीय नेपाली नागरिक मानिएकाले उनीहरूका लागि भिन्न प्रकृतिको नागरिकता उपलब्ध गराइने प्रबन्धसमेत भएकाले भिसाको व्यवस्था ल्याउनुपरेको उहाँले स्पष्ट गर्नुभयो । नागरिक एपको विश्वसनीयता र तथ्याङ्कको सुरक्षा एवम् गोपनियतामाथि उठेका प्रश्न जायज रहेको उल्लेख गर्दै मन्त्री गुरुङले त्यसको व्यवस्थापनका लागि मन्त्रालय निर्देशिका बनाउने क्रममा रहेको जानकारी दिनुभयो ।

मुलुकको प्रशासनिक प्रणालीलाई आमनागरिकको अपेक्षा एवम् चाहनाअनुरूप सुव्यवस्थित, कार्यात्मक, नतिजामुखी, प्रभावकारी, सेवाग्राही केन्द्रित बनाउन र नवीन प्रविधिको प्रयोगमार्फत सार्वजनिक सेवा प्रवाहलाई आमनागरिकको अपेक्षाबमोजिमको बनाउन यो कानुनल्याउनलागिएकोसरकारको तर्क छ । यस विधेयकमार्फत सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, स्वास्थ्य बीमा ऐन, २०७४ लगायत बाह्र वटा ऐनमा संशोधन गरिएको छ । यस विधेयकको मुख्य उद्देश्य नागरिकलाई द्रुत, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गर्ने तथा इ-गभर्नेन्सको अवधारणाबमोजिम प्रविधिको प्रयोगमार्फत सेवाप्रवाहलाई सहज, छिटोछरितो र पहुँचयोग्य बनाउने रहेको जनाइएको छ ।

प्रतिनिधिसभाको सोमबारकै बैठकमा प्रधानमन्त्री ओलीका तर्फबाट सञ्चारमन्त्री गुरुङले 'सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' माथिको दफावार छलफल गरियोस्' भन्ने प्रस्ताव सदनमा प्रस्तुत गर्नुभएको थियो । उक्त प्रस्ताव बहुमतले स्वीकृत भएको थियो ।

विधेयकमाथि प्रतिनिधिसभामा २३ वटा एकल र दुईवटा संयुक्त संशोधन प्रस्ताव परेका थिए । जसमध्ये सांसद सरिता भुसालले आफ्नो संशोधन फिर्ता लिनुभएको थियो भने संशोधनका अरु सबै प्रस्ताव बहुमतले अस्वीकृत भएका छन् ।आफ्नो संशोधन प्रस्तावसहित दफावार छलफलमा भाग लिँदै सांसद चित्रबहादुर केसीले मुलुक कुशासनको चक्रव्यूहमा फसेको बताउनुभयो । लोकतन्त्र कुशासनको शिकार भएको पनि उहाँको भनाइ थियो । अर्का सांसद प्रेम सुवालले विधेयकलाई सदनबाट सोझै पारित गर्नुभन्दा दफावार छलफलका लागि समितिमा पठाउनु उपयुक्त हुने धारणा राख्नुभयो ।

सांसद सुमना श्रेष्ठले सुशासनसम्बन्धी अध्यादेशमा नागरिकलाई सात दिनभित्र सेवा प्रवाह गरिसक्नुपर्ने भन्ने व्यवस्था राखिएकामा सरकारले हालसम्म कति जनालाई कारबाही गरेको छ भनेर प्रश्न गर्नुभयो । काम नगर्ने कर्मचारीलाई कारबाही गर्ने व्यवस्था विधेयकमा स्पष्ट पार्न नसकिएको उहाँको भनाइ छ । कानुनबिना पूर्वविशिष्टलाई हालसम्म उपलब्ध गराइएको सेवा सुविधा अख्तियारको दुरुपयोग हुने र त्यस्तो सुविधा जफत गरिनुपर्ने पनि श्रेष्ठको भनाइ छ ।

सांसद चन्दा कार्की भण्डारीले सुशासनका लागि कानुन निर्माण मात्र पर्याप्त नहुने भन्दै त्यसको प्रभावकारी कार्यान्वयनमा पनि जोड दिनसक्नुपर्ने बताउनुभयो । विधेयकमाथिकोछलफलकाक्रममा सांसद प्रकाश ज्वालाले सुशासन कायम गर्न नसकेकै कारण नागरिकमा व्यवस्थाप्रति वितृष्णा बढेको बताउनुभयो । सांसद डा अमरेशकुमार सिंहले गैरआवासीय नेपालीलाई नागरिकता दिने र नेपाल आउँदा भिसा पनि चाहिने विधेयकको व्यवस्था आफैँमा विरोधाभाषपूर्ण रहेको बताउनुभयो । नेपालको नागरिकता पाएको गैरआवासीय नेपालीलाई भिसा नचाहिने व्यवस्था गरिनुपर्ने उहाँको भनाइ छ ।

सांसद माधव सापकोटाले पनि गैरआवासीय नेपालीलाई राजनीतिक अधिकारबाहेक सबै अधिकार दिएको भन्दै विधेयकले उनीहरू नेपाल आउँदा भिसा लिनुपर्ने व्यवस्था राखिएको प्रति विमति जनाउनुभयो ।सांसद देवेन्द्र पौडेलले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहको विषय निकै बृहत् रहकाले कानुन बनाउँदा संसद्मा विस्तृत छलफल र नागरिक समाज, बौद्धिकजगत्को पनि कुरा समेटिनुपर्ने धारणा राख्नुभयो ।

ठेक्कापट्टा, सरुवा-बढुवा, वैदेशिक रोजगारलगायत क्षेत्रमा अत्याधिक भ्रष्ट्राचार रहेको उल्लेख गर्दै सांसद पौडेलले विधेयकले यी समस्या समाधान गर्न नसक्ने बताउनुभयो ।

विधेयकमाथि सांसदहरू सरिता भुसाल, अशोककुमार चौधरी, हितबहादुर तामाङ, विमला सुवेदी, नारायणी शर्मा, ज्ञानु बस्नेत सुवेदी, छिरीङ डम्डुल लामा, रणेन्द्र बराली, उर्मिला माझी, लक्ष्मी तिवारी, गणेश पराजुली, निशा डाँगी, हितराज पाण्डे, सोविता गौतमलगायतले संशोधन राख्नुभएको थियो ।रासस

## स्ववियु निर्वाचन : नेतृत्व स्थापित गर्ने थलो




काठमाण्डु । विद्यार्थीलाई नेतृत्व निर्माण गर्ने थलोको रुपमा चिनिएको त्रिभुवन विश्वविद्यालय (त्रिवि) को स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन देशभरिका अधिकांश क्याम्पसमा हुँदै छ । त्रिविले प्रत्येक दुई/दुई वर्षमा गर्ने स्ववियु निर्वाचन मङ्गलबार हुँदै छ । निर्वाचनका लागि विभिन्न राजनीतिक दल निकटका विद्यार्थी सङ्गठन सहभागी हुँदैछन् ।

निर्वाचनका माध्यमबाट विद्यार्थीले वैचारिक नेतृत्व चयन गर्नेछन् ।

निर्वाचनमा अनेरास्ववियु, नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियु (क्रान्तिकारी), अनेरास्ववियु, स्वतन्त्र विद्यार्थी समूहलगायतले भाग लिँदै छन् ।

स्ववियु निर्वाचनको तयारी पूरा भएको स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्य सचिव पशुपति अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार निर्वाचन मिश्रित प्रणाली भएकाले दुई मतपत्र रहने छन् ।

प्रत्येक दुई दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखि भने नियमित रुपमा हुनसकेको थिएन । विसं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन त्यसपछि २०७३ चैत १५ गते भएको थियो । त्यसपछि २०७९ चैत ५ गते देशभरि नै केही क्याम्पसबाहेकमा स्ववियु निर्वाचन सम्पन्न भएको थियो ।

त्यतिवेला नौ आङ्गिक क्याम्पसमा निर्वाचन हुनसकेको थिएन । यसपटक भने १३ आङ्गिक क्याम्पसमा स्ववियु निर्वाचनको प्रक्रिया अगाडि बढ्न सकेको छैन । ती क्याम्पसमा पनि त्रिविले चाँडै निर्वाचन प्रक्रिया अगाडि बढाउन निर्देशन दिइसकेको छ ।

अनेरास्ववियुका उपाध्यक्ष नारायण घर्तीले विद्यार्थी नेतृत्व निर्माण गर्ने थलोको रुपमा स्ववियु निर्वाचन रहेको बताउनुभयो ।

उहाँले विचारको विमर्श गरी विद्यार्थीलाई लोकतान्त्रिक प्रक्रियामा प्रवेश गराउने माध्यम स्ववियु निर्वाचन भएको बताउनुभयो । "विद्यार्थीलाई राजनीतिमा लाग्न उत्प्रेरणा दिने माध्यम स्ववियु निर्वाचन हो", उहाँले भन्नुभयो, "स्ववियु निर्वाचन मुलुकका लागि नेतृत्व स्थापित गर्दछ ।"

स्ववियु शैक्षिक गुणस्तर कामय गर्न तथा सरकारको प्रतिपक्षका रुपमा काम गर्ने माध्यम बनेको उपाध्यक्ष घर्तीले बताउनुभयो । नेपाल विद्यार्थी सङ्घका प्रवक्ता सुरज सेजुवालले राजनीतिक नेतृत्वको नर्सरीको रुपमा स्ववियु निर्वाचन भएको बताउनुभयो । "स्ववियु निर्वाचन लोकतान्त्रिक प्रक्रियामा सहभागी भएर विद्यार्थीमाझ नेतृत्व स्थापित गर्ने माध्यम हो," उहाँले भन्नुभयो, "विद्यार्थीलाई राजनीतिक रुपमा स्थापित गराउने काम स्ववियु निर्वाचनले गर्दछ ।"

अनेरास्ववियु (क्रान्तिकारी) का महासचिव रोशन थापामगरले मूलधारको राजनीतिमा प्रवेश गर्ने द्वारका रुपमा स्ववियु निर्वाचन रहेको बताउनुभयो ।

"क्याम्पस शिक्षा प्रदान गर्ने मात्र ठाउँ मात्र नभएर नेतृत्वको विकास गर्ने पनि हो", उहाँले भन्नुभयो- "अहिले नेतृत्वमा आउने विद्यार्थी भोली कुनै न कुनै रुपमा मुलुकको नेतृत्व गर्ने ठाउँमा पुग्छन् ।"

स्ववियु निर्वाचनमा २८ वर्ष उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली लागू गरिएको छ । त्रिविमा २०१८/१९ सालदेखि प्रत्यक्ष प्रणालीबाट स्ववियु निर्वाचन भएको इतिहास रहेको निर्वाचन समितिका सदस्य सचिव अधिकारीले बताउनुभयो । विसं २०३० सम्म प्रत्येक वर्ष स्ववियु निर्वाचन हुने गरेकामा २०३६ सालदेखि प्रत्येक दुई दुई वर्षको अन्तरालमा २०६५ सालसम्म प्रत्यक्ष प्रणाली अनुसार स्ववियु निर्वाचन भएको थियो ।

विसं २०७३ मा मिश्रित प्रणालीमा आधारित भएको स्ववियु निर्वाचनमा २८ वर्षे उमेर हदबन्दी कायम गरिएको थियो । विसं २०७३ मा उपत्यकामा नौ र उपत्यका बाहिर १७ क्याम्पसपमा स्ववियु निर्वाचन तथा २०७९ सालमा ५० आङ्गिक र ३०० भन्दा बढी सम्बन्धन प्राप्त क्याम्पसमा स्ववियु निर्वाचन भएको समितिका सदस्य सचिव अधिकारीले बताउनुभयो ।

उहाँका अनुसार यस पटक ४७ आङ्गिक र २५० सम्बन्धन प्राप्त क्याम्पसमा निर्वाचन हुँदै छ । स्ववियु निर्वाचनमा मतदान गर्न मङ्गलबार बिहान ८ देखि दिउँसो ४ बजेसम्मको समय तय गरिएको छ ।रासस

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको रणनीति बनाउँदै स्वास्थ्य मन्त्रालय

चितवन । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको १० वर्षे रणनीति बनाउन थालेको छ । मन्त्रालयले प्रदेशस्तरमा छलफल गरेर आर्थिक वर्ष २०८१/९१ रणनीति बनाउन लागेको हो ।

मन्त्रालयले सोमबार भरतपुरमा चार प्रदेशका आयुर्वेद तथा वैकल्पिक चिकित्सा क्षेत्रका सरोकारवाला र विज्ञहरुसँग छलफल गर्दै उक्त जानकारी दिएको हो । वागमती, गण्डकी, मधेश र कोशी प्रदेशका सहभागीले गोष्ठीमा तथ्यका आधारमा रणनीति बनाउन सुझाव दिएका हुन् । कार्यक्रममा प्रदेशसभा सदस्य कृष्णप्रसाद खनालले ऐन बनाउन समयमा नै प्रभावित पार्ने गरेको उल्लेख गर्दै राजनीतिकर्मी र कर्मचारी कोही पनि प्रभावित नबनी ऐन, कानुन बनाउनुपर्ने बताउनुभयो ।

नेपालमा आयुर्वेदिक औषधि उत्पादन गर्ने कच्चापदार्थ भारतबाट ल्याउनुपर्ने बाध्यता रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, "नेपालबाट जडीबुटी भारत निकासी हुन्छ, त्यहाँ ग्रेडिङ भएर कमसल खालको जडीबुटी फेरी नेपाल आयात गरिन्छ ।" यस्तो समस्यालाई चिर्ने गरी रणनीति बनाउन उहाँले सुझाव दिनुभयो ।

बागमती प्रदेशसभाका पूर्व सदस्य विजय सुवेदीले भरतपुरमा एक सय शय्याको आयुर्वेदिक अस्पताल बनाउन आफूहरु लागिपरेको भन्दै शिवनगरमा दुई बिघा सरकारी जग्गा भएर पनि अस्पतालका नाममा ल्याउन कठिन भइरहेको बताउनुभयो । उहाँले भन्नुभयो "अहिले पनि फाइल भूमिव्यवस्था मन्त्रालयमा छ, अगाडि बढाउन कठिन भइरहेको छ ।" जसरी भए पनि यो अस्पताल बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

स्वास्थ्य मन्त्रालयका नीति, योजना तथा अनुगमन महाशाखा प्रमुख डा कृष्णप्रसाद पौडेलले आयुर्वेदिक तथा वैकल्पिक उपचार प्रणालीलाई मूलधारमा ल्याउन रणनीति बनाउन लागिएको बताउनुभयो । निरोगी नेपाली बनाउने दुरदृष्टि राखेर रणनीति बनाउनुपर्ने बताउँदै उहाँले भन्नुभयो "आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा के कारणले पछाडि पर्‍यो पत्ता लगाउनुपर्छ ।"

आयुर्वेदिक तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा श्यामबाबु यादवले नसर्ने रोगको उपचारमा यो विधा महत्वपूर्ण रहेको चर्चा गर्दै एक महिने नसर्ने रोग अभियानमा ३० हजार बढीलाई यसै विधाबाट सेवा दिइएको बताउनुभयो । आयुर्वेद चिकित्सा परिषद्का अध्यक्ष डा सन्तोष ठाकुरले २९ वर्षपछि नीतिबाट रणनीति बन्न लागेको बताउँदै रणनीति बनाउँदा कार्यान्वयन पक्षलाई ध्यान दिनुपर्ने बताउनुभयो ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा महाशाखाका प्रमुख डा पुष्पराज पौडेलले आयुर्वेदिक तथा वैकल्पिक सेवा रणनीति २०८१/९१ बारे चर्चा गर्दै सेवासम्बन्धी संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था रणनीतिमा समावेश हुने बताउनुभयो ।

तहगत साङ्गठनिक संरचना एवं संरचनागत व्यवस्था, बजेट तथा कार्यक्रम, सेवा प्रवाहसम्बन्धी विवरण, शैक्षिक व्यवस्था, अनुसन्धान तथा तालिम, औषधि उत्पादन, निजी तथा गैह्रसरकारी अवस्था, नियमनसम्बन्धी व्यवस्था १० वर्षे रणनीतिमा समावेश हुने उहाँले जानकारी दिनुभयो ।रासस


### जनकपुरधाम उप–महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम, धनुषा
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृतीको आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८१/१२/०५**

यस कार्यालयबाट मिति २०८१/०६/३० मा जनकपुर टुडे दैनिकमा प्रकाशित तपसिलका खरिद ठेक्का सम्बन्धि सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमका बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | बोलपत्र नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर र PS बाहेक) |
|---|---|---|---|---|
| १ | NCB/GOODS/01/2081-082 | Supply, delivery and installation of electrical items at JSMC | नेपालटेक ग्रुप कम्पनी प्रा.लि., ललितपुर महानगरपालिका वडा न. ०४, ललितपुर | रु. ३१,५३,०००।०० |

# के भारतको प्राचीन नालन्दा विश्वविद्यालय मुस्लिम शासकले ध्वस्त बनाएका हुन्

बीबीसी

काठमाण्डु । भारतको राजधानी नयाँदिल्ली सात पटक क्षतिग्रस्त भएर सातै पटक पुनः निर्माण भएको सहर हो। हालको राजधानी सहरमा करिब दुई करोड मानिसहरूले श्वास फेरिरहेका छन्।यस्तै कथा भारतको शैक्षिक संस्था नालन्दाको पनि छ। यो विश्वकै सबैभन्दा पुरानो विश्वविद्यालय पनि भएको दाबी गरिएको छ।

हालै प्रकाशित पुस्तक "नालन्दा : हाउ इट चेन्ज्ड द वर्ल्ड," मा लेखक तथा कवि अभय कुमारले यसको इतिहास र विश्वमा त्यसले पारेको प्रभावबारे उल्लेख गरेका छन्। उनका अनुसार बौद्धमार्गीहरूले स्थापना गरेको यो संस्था तीन पटक क्षतिग्रस्त भएको थियो। तर यो जम्मा दुई पटक मात्रै पुनर्निर्माण भयो। तेस्रो पटक भत्काइएको यो विश्वविद्यालय करिब ८०० वर्षपछि अहिले पुनर्निर्माण भइरहेको छ। गुप्त साम्राज्यका सम्राट् कुमार गुप्तका पालामा सन् ४२७ मा नालन्दा विश्वविद्यालय स्थापना भएको थियो। त्यसपछिका सात शताब्दीसम्म यो सिकाइको असाधारण केन्द्र बन्यो।



नालन्दाबारे व्याख्या गर्दै अभय कुमारले यो शब्दको उत्पत्तिबारे पनि चर्चा गरेका छन्। उनका अनुसार 'नालम'को अर्थ ज्ञानको प्रतीक कमलको फूल र 'दा' को अर्थ दिनु हो। जसकारण नालन्दाको अर्थ 'ज्ञान फैलाउने' भन्ने हुन्छ।

यसको ख्यातिका कारण भारतका मात्रै विद्यार्थी नभएर यसमा चीन, इन्डोनेशिया, जापान, कोरिया, पर्सिया, श्रीलङ्का, तिब्बत र टर्कीबाट पनि विद्यार्थीहरू आउने गरेका थिए। जोर्जाका राजदूत समेत रहेका पुस्तकका लेखक अभयले नालन्दाको ख्याति उत्कर्षमा पुगेका समयमा यसमा १०,००० विद्यार्थीसम्म थिए। यहाँ बौद्धमार्ग मात्रै नभएर विश्वमा पढाइ हुने सबै विज्ञानको पढाइ हुन्थ्यो।

उत्कर्षको एक समयमा विश्वका २,००० जना प्रख्यात शिक्षकहरूबाट पूर्ण निःशुल्क शिक्षा दिइन्थ्यो।तर यो भन्दा धेरै नालन्दा चिनिएको चाहिँ यसको विनाश हो। भारतमा हाबी रहेको ऐतिहासिक कथन अनुसार यो भव्य शैक्षिक केन्द्र मुहम्मद घोरीका जेनरल बख्तियार खिलजीले भत्काएका थिए।तर केही इतिहासविद्हरूले यो कथनमा असहमति जनाएका छन्।यो विषयमा प्रवेश गर्नुअघि यो कहिले भत्काइएको थियो भन्नेबारे चर्चा गरौं।

बीबीसीसँग कुरा गर्दै अभय कुमारले यो संस्था तीन पटक क्षतिग्रस्त भएको र जम्मा दुई पटक मात्रै पुनर्निर्माण भएको बताए। सबैभन्दा पहिले स्कन्दगुप्तको शासनकालमा मिहिराकुलाको नेतृत्वमा नालन्दाको विनाश भएको थियो। त्यसबेला यसको स्थापना भएको केही दशकमात्रै भएको थियो।तर आक्रमण लगत्तै स्कन्दगुप्तका उत्तराधिकारी पुरागुप्त र नरसिंहगुप्तले यो विश्वविद्यालयको पुनर्निर्माण सुरु गरे। उनीहरूले त्यसअघि भन्दा ठूला ठूला भवनहरू बनाए र यसलाई अझै राम्रो पनि बनाए।

उनीहरूले यसलाई दीर्घकालसम्म धान्नसक्ने बनाउन पर्याप्त स्रोतसाधनले सम्पन्न बनाए। दोस्रो पटक त्यसको डेढ शताब्दीपछि यसको विनाश गरियो। सातौँ शताब्दीको आरम्भमा गौडा शासकहरूको आक्रमणमा यो दोस्रो पटक क्षतविक्षत भयो। यसपछि पनि हिन्दू राजा हर्षवर्द्धनले यसको पुनर्निर्माण गरेर यसका संरचनाहरूमा थप सुधार गरे।त्यसबेला पनि यसको स्थापना भएको ८०० वर्षपछि एक विवादास्पद विनाश भयो।

यसपटक गान्जीको आक्रमणपछि बख्तियार खिलजीले पनि यसमा आक्रमण गरे। हामीले अभय कुमारलाई यसबारे गरेको प्रश्नमा उनले जेनरलहरूको आक्रमणमा संस्थाको विनाशसँग प्रत्यक्ष संलग्नता नदेखिए पनि उनको आक्रमणका कारण यो संस्थाको प्रणाली प्रभावित भएको बताए।

अभय आफैँ नालन्दाका स्थानीय हुन् र उनले दिल्लीको जवाहरलाल नेहरू विश्वविद्यालयमा अध्ययन गरे। उक्त विश्वविद्यालयमा रहेको नौ तल्ले पुस्तकालय भवनले उनलाई नालन्दामा रहेको भनिएको नौ तल्ले पुस्तकालयबारे स्मरण गराइरहन्थ्यो।तर जवाहरलाल नेहरू विश्वविद्यालयबाट इतिहासमा एमफिल र विद्यावारिधि गरेकी रुचिका शर्मा आफ्नो भिडिओमा नालन्दाको विनाशबारे चर्चामा रहेका तीनवटै कारण सही नभएको बताउँछिन्।

उनले बख्तियार खिलजीको आक्रमणमा यो क्षतविक्षत भएको वा टर्कहरूले जलाइदिएको साँचो नभएको दाबी गरेकी छन्। उनले युट्युबमा राखेको २२ मिनटको भिडिओमा यसबारे वास्तविक ऐतिहासिक प्रमाणहरू पनि उल्लेख गरेकी छन्। अभय कुमारका अनुसार "नालन्दामा इशापूर्वको तेस्रो शताब्दीमा राजा अशोकले बौद्ध विहार स्थापना गरेका थिए।""मौर्यहरूको शासनकालमा शिष्यहरूलाई त्यहीँ राखेर शिक्षा दिने उद्देश्यले उक्त विहार बनाइएको थियो।"उनका बुझाइमा आवासीय क्याम्पसको परिकल्पना यही समयमा भएको थियो। यो अवधारणा पछि मध्यपूर्व, अरब र युरोप हुँदै विश्वभरि फैलिएको उनको दाबी छ।

सूत्रहरू सार्ने र त्यसलाई विभिन्न भाषामा उल्था गर्ने नालन्दाको गज्जबको परम्पराले भाषा, साहित्य र संस्कृतिलाई एक शताब्दीहरूसँगै मजबुत बनाउँदै लग्यो। नालन्दाले पाण्डुलिपि लेखनको कला, नक्सा बनाउने, संरक्षण गर्ने र सार्ने अभ्यासको प्रवर्द्धनमा मुख्य भूमिका खेल्यो।" यही तरिकाबाट पाण्डुलिपि लेख्ने, उतार्ने र संरक्षण गर्ने नालन्दाको संस्कृतिले विश्वभरि नै मौखिक परम्परालाई लिखित परम्पराको रूपमा विकास गऱ्यो।

उनले विश्वमा पहिलो पटक छापिएको 'द डाइमण्ड सुत्र' प्रज्ञापरमिता सुत्रकै एक अंश भएको उल्लेख गरेका छन्। यो सुत्र प्रख्यात विद्धान नागार्जुनले नालन्दामा लेखेका थिए। पवित्र शब्दहरू यान्त्रिक रूपमा घुम्ने धर्मचक्र पनि नालन्दामै विकास गरिएको थियो।उनका अनुसार १४औँ शताब्दीमा नालन्दा महाविहार सञ्चालन रोकिए पनि यसको प्रतिष्ठा कायमै रह्यो। त्यसपछि पनि यही नाम राखेर शैक्षिक संस्था र मठहरू स्थापना गर्ने अभियान कायमै रह्यो।

अहिले फेरि नालन्दाको कथा दोहोरिने क्रममा छ र यसको पुनर्निर्माणले गति लिइरहेको छ। तबाकत-ए-नासिरी बाहेक उनका सबै स्रोतहरू बाह्य हुन्। उनका प्रारम्भिक स्रोतहरू किन विदेशी वा मध्ययुगीन समयमा भारतको भ्रमण गरेका मानिसहरू भन्ने हाम्रो जिज्ञासामा उनले भारतबाट केही शताब्दीभित्रै यसबारेको इतिहास हराएको र संस्थागत सङ्ग्रहमा पनि नरहेको बताए।

त्यहाँ कुनै पनि भग्नावशेष बाँकी नरहेको वा देखिने अवस्थामा नरहेको उनको भनाई छ। यद्यपि १९औँ शताब्दीको आरम्भमा बिहारको राजगिर जिल्लाका स्थानीयले त्यहाँ भेटिएको एउटा ढिस्कोमा हिन्दू र बौद्ध धर्मका विधानहरू रहेको जानकारी ब्रिटिश अधिकारीहरूलाई गराएका थिए।

त्यसपछि फ्रान्सिस बुकानन-ह्यामिल्टनले सन् १८११ र १२ मा यो क्षेत्रमा सर्वेक्षण गराए। उनले ती अवशेषहरू मध्ययुगीन समयका यात्रुहरूले आफ्नो अभिलेखमा उल्लेख गरेको नालन्दा विश्वविद्यालयकै भए नभएको यकिन गर्ने प्रयास गरेका थिए। यद्यपि त्यसको एकसय वर्षपछि सन् १९१५ र १९१९मा भारतको पुरातत्त्व सर्वेक्षणको नेतृत्वमा कैयौँ चरणका उत्खननहरू भए। ती भग्नावशेषहरूले उक्त ऐतिहासिक विश्वविद्यालय त्यहाँ पुरिएको रहस्य उजागर गरेको थियो।

हामीले यसबारे रुचिका शर्मासँग पनि कुरा गऱ्यौँ। उनका अनुसार नालन्दा भारतमा बौद्ध धर्मसँगै कमजोर हुँदै गएको थियो। त्यही समयमा बौद्धधर्मसँग सम्बन्धित ओदान्तपुरी र विक्रमशिला जस्ता संस्था पनि उदय भएको उनको दाबी छ।

रुचिका शर्माले ११औँ शताब्दीमा भारत भ्रमण गरेका यात्रुले नालन्दाले आफ्नो भव्यता गुमाउँदै गरेको प्रसङ्ग लेखेको टेलिफोनमा बीबीसीसँग बताइन्। रुचिका शर्मा उत्खननहरूले धेरैवटा भवनहरूमा आगजनी भएका प्रमाणहरू फेला पारेको बताउँछिन्। तर त्यहाँ ब्राह्मणहरू वा टर्की अतिक्रमणकारी कसले आगजनी गऱ्यो अथवा दुर्घटनावश आफैँ आगो लाग्यो भन्ने प्रमाण नभेटिएको उनको दाबी छ। उनका अनुसार त्यहाँ भिक्षु शिष्यहरू बस्ने र पकाएर खाने गरेका कारण आगो सल्किएको हुनसक्ने सम्भावना पनि छ।

पुरातात्त्विक उत्खननहरूले यसको निर्माण कैयौँ चरणमा भएको खुलासा पनि गरेको छ। एक जना यात्रीले एक पटक भत्किएको भवन बालदित्य नामका व्यक्तिले पुनर्निर्माण गरेको कुरा लेखेका छन्। भारतको संस्थागत अभिलेखबाट विश्वविद्यालयबारे सामग्री हराएकोबारे रुचिका सम्राट् अशोक बारे पनि २० औँ शताब्दीमा उनका शिलालेखहरू पढेर मात्रै थाहा भएको बताउँछिन्।

विश्वविद्यालय कुनै एउटा कारण मात्रै ध्वस्त नभएको र समय क्रममा त्यसका अवशेषहरू हराउँदै उनको बुझाई छ।अभयले पनि यो विषय स्वीकार गरेका छन्। उनले खिलजीको शासनपछि पनि यसमा पढाइ हुने गरेको बताए।उनका अनुसार १४औँ शताब्दीको मध्यबाट यो स्थानीय मानिसहरू र भारतीय संस्मरणबाट नामेट भएको थियो। नालन्दाको सम्मानमा तिब्बतमा स्थापना भएको नालन्दा विहारलाई अहिले तिब्बती नालन्दाको रूपमा चिन्ने गरिन्छ।

अभय र रुचिका दुवैले नालन्दाको विनाससँग बख्तियार खिलजीको प्रत्यक्ष सम्बन्ध नरहेको बताएका छन्।रुचिकाका अनुसार मिनाज अल-सिराजद्वारा लेखिएको तबाकत-ए-नासिरीमा भने खिलजीको संलग्नताको दाबी गरेका छन्। कुनै समय काजी रहेका मिनाजले मोहम्मद घोरीले विहारको किल्लामा आक्रमण गरेको र त्यसमा धेरै मानिसहरूको मृत्यु भएको उल्लेख गरेका छन्। उनका अनुसार त्यहाँ उनीहरूले कैयौँ पुस्तकहरू भेट्टाएका थिए।

अनुसन्धानका क्रममा उक्त स्थान विहार भनिने मदरसा वा कलेज भएको र त्यहाँ बौद्ध भिक्षुहरू बस्ने गरेको थाहा भएको थियो। त्यसमा नालन्दाबारे केही उल्लेख छैन।त्यसमा उनले उक्त विहारलाई ओदान्त विहार भनेका छन्।

जसलाई इतिहासकार जदुनाथ सकारले ओदान्तपुरीका रूपमा व्याख्या गरेका छन्।यसले के देखाउँछ भने खिलजीले यसलाई किल्ला ठानेर आक्रमण गरेका थिए र उनलाई त्यो शैक्षिक संस्थान भन्ने थाहा थिएन।

उनका अनुसार अर्का इतिहासविद् डी आर पाटिलले पनि नालन्दाबारे एउटा महत्त्वपूर्ण पुस्तक लेखेका छन्। उनले नालन्दा खुम्चिँदै जानुमा ओदान्तपुरीको स्थापनालाई कारण मानेका छन्। बङ्गालको पाला वंशीय शासकहरूले त्यसको स्थापना गरेका थिए। अभय कुमारले यसलाई हारुन अल रशिदले स्थापना गरेको प्रख्यात अनुसन्धान तथा शैक्षिक संस्था बेतल-हिक्मासँग जोडेका छन्। उनले अरब क्षेत्रमा मुस्लिम शासनको उदयसँगै त्यहाँ ज्ञानको संरक्षण सुरु भएपछि नालन्दाका विद्वानहरू त्यहाँ पुगेको उल्लेख गरेका छन्। परिणामस्वरूप गणित, खगोल विज्ञान र भारतीय कथाहरू अरबी भाषामा अनुवाद गरियो र यस मार्फत् तिनीहरू विश्वका अन्य भागहरूमा फैलिएको उनको दाबी छ।

भारतको स्वतन्त्रतासँगै यो संस्थाको पुनर्स्थापनाबारे छलफल भए पनि २१औँ शताब्दीमा भारतका राष्ट्रपति एपीजे अब्दुल कलामले मात्रै व्यवहारिक कदम चालेको अभय कुमारले उल्लेख गरेका छन्। कलामलाई विश्वभरिका बौद्धमार्गीहरूले पनि साथ दिएका थिए। नोबल पुरस्कार विजेता प्रसिद्ध अर्थशास्त्री अमर्त्य सेनको नेतृत्वमा यो विश्वविद्यालयले सन् २०१४ देखि शैक्षिक अध्यापन सुरु गरेको छ। तर यसले कुनै कालमा बनाएको महत्त्वपूर्ण साख फर्काउनेमा अहिले आशङ्का गरिएको छ।

> अहिले फेरि नालन्दाको कथा दोहोरिने क्रममा छ र यसको पुनर्निर्माणले गति लिइरहेको छ। तबाकत-ए-नासिरी बाहेक उनका सबै स्रोतहरू बाह्य हुन्। उनका प्रारम्भिक स्रोतहरू किन विदेशी वा मध्ययुगीन समयमा भारतको भ्रमण गरेका मानिसहरू भन्ने हाम्रो जिज्ञासामा उनले भारतबाट केही शताब्दीभित्रै यसबारेको इतिहास हराएको र संस्थागत सङ्ग्रहमा पनि नरहेको बताए।

# ट्रम्प र पुटिनबीच मङ्गलबार युक्रेनबारे छलफल हुने

एएफपी

वासिङ्टन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा जारी युद्ध अन्त्यका लागि रुसी समकक्षी भ्लादिमिर पुटिनसँग मङ्गलबार कुरा गर्ने योजना रहेको बताउनुभएको छ।

अमेरिकी अधिकारीहरूले साउदी अरबमा भएको वार्तापछि वासिङ्टनले तीन वर्षे युद्ध रोक्ने प्रस्ताव गरेको केही हप्ताभित्रै युक्रेन र रुसबीच युद्धविराम सम्झौता हुन सक्ने आशा व्यक्त गरेका थिए।"मलाई लाग्छ कि हामी युक्रेनी भूमि, विद्युत् गृहको बारेमा कुरा गर्नेछौँ,"ट्रम्पले एयर फोर्स वनमा पत्रकारसँगको कुराकानीमा भन्नुभयो।"मलाई लाग्छ, युक्रेन र रूस दुवै पक्षबीच यस विषयमा धेरै छलफल भइसकेको छ। हामी पहिलो पटक यसको बारेमा कुरा गर्दैछौँ र केहि जमिनहरूमाथिको दावीबारे टुङ्गो लगाउने बिषयमा छलफल गर्दैछौँ।

वासिङ्टन र किएभका अरबमा भएको अमेरिका-रुस शिखर सम्मेलनमा भएका 'समझदारी कार्यान्वयनका ठोस पक्ष' बारे छलफल गर्न फोनमार्फत् कुराकानी भएको बताएको थियो।सन् २०२२ को फेब्रुअरीमा मस्कोले आक्रमण सुरु गरेयता अमेरिका र रुसबीच फेब्रुअरीमा भएको रियाद सम्मेलन पहिलो उच्चस्तरीय बैठक थियो। बैठकपछि 'विदेशमन्त्री लाभरोभ र उहाँका अमेरिकी समकक्षी रुबियोबीच सम्पर्कमा रहने सहमति भएका' रुसी विदेश मन्त्रालयले जनाएको छ।

अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता टमी ब्रुसले शनिबार दुवै पक्षले युक्रेनका विषयमा 'आगामी कदमबारे छलफल' गरेको र संयुक्त राज्य अमेरिका र रुसबीच सञ्चार पुनर्स्थापनाका लागि काम जारी राख्न सहमत भएको बताएका छन्।बेलायतले युक्रेनबारे भर्चुअल शिखर सम्मेलन आयोजना गरेको केही घण्टापछि



युरोपेली सहयोगीहरूले मस्कोलाई युद्ध रोक्न दबाब दिइरहेका छन् तर पुटिनले यसबारे कुनै स्पष्ट जवाफ दिनुभएको छैन। बरु शर्तहरूको एक शृ‍ृ ला सूचीबद्ध गर्दै अमेरिकी प्रस्तावमाथि 'गम्भीर प्रश्नहरू' उठाउनुभएको छ। केही दिनअघि पुटिनसँग केही घण्टा भेटवार्ता गरेका ट्रम्पका दूत स्टिभ विटकोफले सीएनएनसँगको कुराकानीमा भन्नुभएको छ, "दुई राष्ट्रपतिबीच यो साता निकै राम्रो र सकारात्मक छलफल हुनेछ।"

उहाँले भन्नुभयो, "सायद, ट्रम्पले वास्तवमै आगामी हप्ताहरूमा कुनै न कुनै प्रकारको सम्झौता हुने अपेक्षा गर्नुभएको छ र यो आवश्यक मुद्दा हो भन्ने मेरो पनि विश्वास हो।

"युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले क्रेमलिनले युद्ध अन्त्य गर्न नचाहेको आरोप लगाएका समय ट्रम्प र पुटिनबीच वार्ता हुनेछ। कुनै पनि युद्धविराममा सहमत हुनुअघि मस्कोले पहिले 'युद्धभूमिमा आफ्नो स्थिति सुधार्न' चाहेको जेलेन्स्कीले बताउनुभएको छ।

**रुबियो, लाभरोभ वार्ता**

यसअघि मस्कोले अमेरिकी विदेशमन्त्री मार्को रुबियोले आफ्ना रुसी समकक्षी सर्गेइ लाभरोभलाई गत महिना साउदी लाभरोभ-रुबियोबीच कुराकानी भएको थियो, जसमा प्रधानमन्त्री केइर स्टार्मरले पुटिनले युद्धविरामलाई अघि बढाउन नचाहेको र यो वा त्यो बहानामा समय खेर फाल्ने काम गरिरहेको बताउनुभएको थियो।


"रुसले वार्ता गर्ने त भनेको छ वार्ताका लागि उसको पहल पर्याप्त छैन", स्टार्मरले भन्नुभयो, "युक्रेनमाथि हुने रुसी बर्बर आक्रमणलाई सदाका लागि रोक्नुपर्छ।"आइतबार किएभले मस्कोले युक्रेनका नौ वटा क्षेत्रमा इरानमा निर्मित ९० वटा शाहेद ड्रोन प्रक्षेपण गरेको बताएको थियो।

यसै साताको सुरुमा युद्धविरामबारे प्रतिक्रिया व्यक्त गर्दै पुटिनले यो पहलले मुख्यतः युक्रेनलाई फाइदा पुग्ने भन्दै वार्ता पहलमाथि 'गम्भीर प्रश्न' उठाउनुभएको थियो।

युक्रेनको दक्षिणी र पूर्वी भूभागमा कब्जा जमाएको रूसले युद्ध मोर्चाका केही क्षेत्रमा गति लिइरहेका बेला यो प्रस्ताव आएको उहाँको दावी थियो।

रुसले आफ्नो कुर्स्क क्षेत्रको केही भागबाट युक्रेनी सेनालाई पछि धकेलेको छ। उक्त क्षेत्र किएभका लागि भविष्यमा हुने कुनै पनि वार्तामा सम्भावित 'बार्गेनिङ' शक्तिका रूपमा रहने युक्रनको विश्वास रहेको छ।

# बङ्गलादेशका नेता युनुसको चीनको भ्रमणको घोषणा



एएफपी

ढाका । बङ्गलादेशको सङ्क्रमणकालीन सरकारका प्रमुख नेता मोहम्मद युनुस यसै महिना कूटनीतिक सद्भावना भ्रमणका लागि बेइजिङ जाने भएका छन्।

छिमेकी मुलुक भारतसँगको चिसो सम्बन्ध देखिएका समय उहाँको चीन भ्रमण हुन लागेको हो।नोबेल शान्ति पुरस्कार विजेता युनुसले गत अगष्टमा भएको विद्यार्थी आन्दोलनबाट पदच्युत हुनुभएका पूर्वप्रधानमन्त्री शेख हसिनाको स्थानमा बङ्गलादेशको बागडोर सम्हाल्नुभएको हो।

भारत हसिनाको सरकारको सबैभन्दा ठूलो हितैषी थियो र उहाँको बहिर्गमनले भारतसँगको सीमापार सम्बन्धलाई सङ्कटमा पारेको समय युनुस नेतृत्वको कामचलाउ सरकारले एसियाली उपमहाद्वीपमा सत्ता र प्रभावका लागि नयाँ दिल्लीको प्रमुख प्रतिद्वन्द्वी बेइजिङसँगको पूरानो मित्रतालाई प्रगाढ बनाउन लागेको विश्लेषकहरूले बताएका छन्।

युनुसका सञ्चार सचिव शफिकुल आलमले आइतबार पत्रकारसँग भन्नुभयो, "बङ्गलादेशले द्विपक्षीय सम्बन्धलाई नयाँ उचाईमा पुऱ्याउने लक्ष्य राखेको छ।

" "युनुस र चिनियाँ उच्च अधिकारीबीच दुवै मुलुकसँग सम्बन्धित विविध विषयमा छलफल हुनेछ," उहाँले भन्नुभयो।

युनुसले मार्च २६ देखि २९ सम्म हुने भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेटवार्ता गर्ने कार्यक्रम छ।

चीनमा रहँदा उहाँलाई पेकिङ विश्वविद्यालयबाट मानार्थ विद्यावारिधिको उपाधि प्रदान गर्ने साथै लगानीका अवसरहरूको खोजी गर्न विभिन्न चिनियाँ फर्महरूसँग भेटघाट गर्ने पनि कार्यक्रम रहेको छ।"बङ्गलादेश निर्माण क्षेत्र (म्यानुफ्याक्चरिङ हब) बन्न चाहन्छ र यो प्रयासमा चीनसँग साझेदारी गर्न इच्छुक छ," आलमले भन्नुभयो।

# रेड सी क्षेत्रमा द्वन्द्व घटाउन चीनद्वारा 'वार्ता'को आग्रह

एएफपी

बेइजिङ । यमनको इरान समर्थित हुथी विद्रोहीले २४ घण्टाभित्र अमेरिकी विमानवाहक समूहमाथि दुईपटक आक्रमण गरेको दाबी गरेपछि चीनले सोमबार रेड सी क्षेत्रमा तनाव कम गर्न 'वार्ता' गर्न आह्वान गरेको छ।चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता माओ निङले नियमित पत्रकार भेटमा भन्नुभयो, "चीनले रेड सी क्षेत्रको स्थितिलाई बढाउने कुनै पनि कदमको विरोध गर्दछ।




हुथी विद्रोहीले आफ्नो आक्रमण अमेरिकी आक्रमणको प्रतिशोध भएको बताएका छन्।आइतबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यमनका हुथी विद्रोहीविरुद्ध 'निर्णायक र शक्तिशाली' सैन्य कारबाहीको घोषणा गर्नुभएको थियो।

अमेरिकाले हुथी विद्रोहीलाई विदेशी आतङ्कवादी सङ्गठनको रुपमा पुनः परिभाषित गरेको करिब १५ दिनपछि यो घोषणा भएको हो।

"आज मैले अमेरिकी सेनालाई यमनमा हुथी आतङ्ककारीविरुद्ध निर्णायक र शक्तिशाली सैन्य कारबाही गर्न आदेश दिएको छु। उनीहरूले अमेरिकी र अन्य सहयोगी मुलकका जहाज, विमान र ड्रोनविरुद्ध पाइरेसी, हिंसा र आतङ्कवादको अनवरत अभियान चलाएका छन्," ट्रम्पले आफ्नो ट्रुथ सोसल मिडिया प्लेटफर्ममा लेख्नुभएको छ। उनीहरूले स्वेज नहर,रेड सी र एडेनको खाडीबाट ढुवानीमा अवरोध पुऱ्याएको आरोप लगाउँदै अमेरिकाले हुथी विद्रोहीविरुद्ध 'अत्यधिक घातक बल' प्रयोग गर्ने बताउनुभएको थियो।

उहाँले भन्नुभयो, "अमेरिकी पानीजहाजमा हुथीको आक्रमण सह्य हुने छैन। जबसम्म हामीले आफ्नो उद्देश्य प्राप्त गर्दैनौं तबसम्म हामी अत्यधिक बल प्रयोग गर्नेछौँ।

" अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गत जनवरीमा सत्ता सम्हालेपछि यमनका हुथी विद्रोहीमाथि अमेरिकाले गरेको पहिलो आक्रमणमा परी कम्तीमा ३१ जनाको मृत्यु भएको विद्रोहीले आइतबार बताएको थियो। गाजा युद्धका क्रममा इजरायल र रेड सीमा आक्रमण गरेका हुथी विद्रोहीले आक्रमणमा परी ज्यान गुमाउनेमा बालबालिका पनि रहेको बताएको छ।

यमनी हुथी समूहले सुरुमा १८ वटा क्षेप्यास्त्र र एउटा ड्रोन रेड सीमा रहेको "एयरक्राफ्ट क्यारियर 'युएसएस ह्यारी ट्रुम्यान' र त्यससँग जोडिएका युद्धपोत" मा प्रहार गरेको बताएको थियो। बेइजिङले सोमबार तनाव समाधानका लागि कूटनीतिको आह्वान दोहोऱ्याएको छ। माओले भन्नुभयो, "रेड सी र यमन मुद्दाको अवस्थाका कारणहरू जटिल छन् र यसलाई वार्ता र संवादको माध्यमबाट उचित समाधान गरिनुपर्छ।"

अरब प्रायद्वीपको सबैभन्दा गरिब देशको इरान समर्थित समूह हुथी विद्रोहीले गाजा युद्धका क्रममा इजरायल र लाल सागरको पानीजहाजमाथि आक्रमण गर्दै प्यालेस्टिनीहरूप्रति ऐक्यबद्धता जनाउँदै आएको दाबी गरेका छन्।


बेइजिङले गत वर्ष जलक्षेत्रमा गैरसैनिक जहाजमाथिको आक्रमण अन्त्य गर्न आह्वान गरेको थियो। यसबाट चीनको युरोपेली सङ्घसँगको अधिकांश व्यापार प्रवाहित हुन्छ।

# स्थानीयको माग पूरा गर्न पाँच जलविद्युत् आयोजना सहमत

गलेश्वर । रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन पाँचवटा जलविद्युत् आयोजनाले सामाजिक उत्तरदायित्वअन्तर्गतका काम पूरा गर्ने सहमति जनाएका छन् ।

स्थानीयवासीको चर्को दबाबपछि रघुगङ्गामा निर्माणाधीन पाँच जलविद्युत् आयोजनाले विभिन्न मागमा लिखित सहमति जनाएका हुन् ।

विगत लामो समयदेखि समुदायका मागलाई बेवास्ता गर्दै आएका जलविद्युत् आयोजनालाई राजनीतिक दल, जनप्रतिनिधि र स्थानीयवासीसँगको विभिन्न समयमा भएको छलफलपछि गाउँपालिकाको केन्द्र मौवाफाँटमा आयोजित जनप्रतिनिधि, सरोकारवाला र जलविद्युत् आयोजनाका प्रमुखहरूको छलफलमा जीर्ण सडकको स्तरोन्नतिसहित मुख्य मागमा लिखित सहमति जनाएका हुन् ।



आयोजनाहरूले प्रभावित क्षेत्रको सडकलाई स्तरोन्नतिका लागि विगतका सहमति पालनामा अटेरी गरेको भन्दै चरणबद्ध आन्दोलनमा उत्रिएपछि ४० मेगावाट क्षमताको राहुघाट, २२ दशमलव पाँच मेगावाटको ठूलोखोला 'ए', ३५ दशमलव पाँच मेगावाट क्षमताको राहुघाट मङ्गले, २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला र ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजनाले ३३ बुँदे लिखित माग पालना गर्ने बताएका थिए ।

गत फागुन १५ र २५ गते भएको सरोकारवालाको भेलाले गाउँपालिकामा निर्माणाधीन अवस्थामा रहेका पाँच जलविद्युत् आयोजनालाई उक्त माग प्रस्तुत गरेकामा तत्काल र दीर्घकालीन रूपमा आयोजनाले गर्नुपर्ने उत्तरदायित्वका सम्बन्धमा लिखित प्रतिबद्धता गराइएको गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो । जलविद्युत् आयोजनाले गर्नुपर्ने न्यूनतम दायित्व पूरा नगरेपछि गाउँपालिकाको सामूहिक मागका रूपमा पेस भएका बुँदामा बृहत् छलफल गरी सहमति भएको अध्यक्ष भण्डारीको भनाइ छ ।

रघुगङ्गाका सबै वडावासीलाई प्रभावित क्षेत्रमा राखेर १० प्रतिशत सेयर वितरणका लागि पनि जलविद्युत् आयोजना सहमत भएका छन् । आयोजनाले यसअगाडि प्रभावित क्षेत्रका बासिन्दालाई मात्रै सेयर प्रक्रियामा सहभागी गराउने गरेका थिए ।

सहमतिपत्रमा बेनी-जोमसोम सडकखण्डको घुमाउने तालबाट मौवाफाँट हुँदै बाँध रहने बुक्लसम्मको सडकलाई तत्काल ग्राभेलसहित स्तरोन्नति गर्न रघुगङ्गा हाइड्रोपावरले लिखित प्रतिबद्धता गरेको छ । हाल राहुघाट जलविद्युत् आयोजनाको आयोजना प्रतिवेदनमा सो सडकलाई ठेकेदार कम्पनीले आयोजना हस्तान्तरणका क्रममा ग्राभेलसहित स्तरोन्नति गर्ने उल्लेख भए पनि सरोकारवालाको मागबमोजिम घुमाउनेतालबाटमौवाफाँटसम्मकोसडकलाई आयोजनाले कालोपत्र गरिनेछ ।

राहुघाटको ठेकेदार कम्पनी जयप्रकाश एसोसिएट्सले आयोजनालाई सडक हस्तान्तरण गरेपछि डिबिएसटी प्रविधिको कालोपत्र गर्न रघुगङ्गा हाइड्रोपावरले ८० प्रतिशत र यस गाउँपालिकामा निर्माणाधीन अन्य आयोजनाले उत्पादन क्षमताका आधारमा बाँकी २० प्रतिशत लागत व्यहोर्ने छन् । त्यसैगरी मौवाफाँटबाट दग्नाम, चिमखोला हुँदै पात्लेखर्कसम्मको मोटरबाटोलाई स्तरोन्नति गर्न तुँदी पावर, संयुक्त ऊर्जा र ठूलोखोला हाइड्रोपावरले चालु आर्थिक वर्षमा थप रु एक करोड ५० लाख बराबरको काम गर्ने र दीर्घकालीन रूपमा सडकलाई स्तरीय बनाउन गाउँपालिकासँगै प्रदेश र सङ्घीय सरकारसँगै हाल निर्माणाधीन जलविद्युत् आयोजनाले सहकार्य गर्ने सहमति भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीले बताउनुभयो ।

यस्तै, आयोजना प्रभावित भिँ र पाखापानीमा पनि आयोजनाहरूले चालु आवमा सडक स्तरोन्नतिमा रु २५-२५ लाख उपलब्ध गराउने सहमति भएको छ । आयोजनाले सामाजिक उत्तरदायित्वको रकमलाई पारदर्शी बनाउन वडा र पालिकाको संयुक्त सिफारिसमा मात्र बजेट खर्च गर्ने सहमति गरेका छन्भने खानेपानी योजना, सिँचाइ योजना निर्माणमा सघाउने र प्रभावित क्षेत्रका विद्यालयमा उपलब्ध गराउँदै आएको शिक्षक सहयोगलाई निरन्तरता गर्ने प्रतिबद्धता जनाएका छन् ।

आयोजनाहरूले गर्नुपर्ने प्रतिबद्धतामा रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसी, तुँदी पावरका महाप्रबन्धक इन्द्रप्रसाद ढकाल, ठूलोखोला हाइड्रोपावरका बित्त प्रमुख प्रदीप खतिवडा र संयुक्त ऊर्जा लिमिटेडका प्रबन्ध सञ्चालक गोपालप्रसाद निउरले हस्ताक्षर गर्नुभएको छ । कार्यक्रममा प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजा र प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले सहमतिको पालना नभए जलविद्युत् आयोजनाले चर्को मूल्य चुकाउनुपर्ने चेतावनी दिनुभएको थियो ।रासस

# बाँदर आतङ्कले बसाइँसराइ बढ्दा बस्ती नै खण्डहर



भोजपुर । बाँदरको समस्याका कारण भोजपुर मानेभञ्याङका स्थानीयले गाउँ छाड्दा बस्ती नै खण्डहरमा परिणत भएको छ । रामप्रसादराई गाउँपालिका-५ पर्ने यो स्थानका स्थानीयवासीले बसाइँसराइ गर्दा बस्ती खण्डहरमा परिणत भएका हुन् ।

डेढ दशकको अवधिमा यो क्षेत्रबाट करिब एक सय ५० घरपरिवार अन्यत्र जाँदा बस्ती नै खण्डहर बनेको स्थानीयवासी तथा भानुभक्त प्राथमिक विद्यालयका प्रधानाध्यापक प्रकाश पराजुलीले बताउनुभयो । मुख्य रूपमा बाँदर र पानीको समस्याले बसाइँसराइ बढ्दा अर्चले, भोर्लेनी, दमाईछाँप, गुराँसे राणागाउँ, थाक्ले र मोहोरिय बस्ती खालीझैं बनेको उहाँले बताउनुभयो । सविकको वडा नं ८ र ९ पर्ने यी क्षेत्रबाट ९८ प्रतिशतको हारहारीमा मानिसहरूले गाउँ छाडेर अन्यत्र गइसकेको उहाँले बताउनुभयो ।

अर्चले गाउँका जम्मा ३५ घरमा अहिले दुई घर, भोर्लेनीका ३३ घरमध्ये तीन घर, दमाईछाँपमा ८० घरमध्ये ४० घर र थाक्लेमा २५ घर रहेको बस्तीमा अहिले दुई घरमात्र रहेको उहाँले बताउनुभयो । त्यस्तै गुराँसे, राणागाउँमा ६५ घर रहेकामा अहिले ३५ र मोहोरियामा ८० घरपरिवारमा अहिले ३५ घरपरिवार मात्र बाँकी रहेको शिक्षक पराजुलीले बताउनुभयो ।

"स्थानीयले गाउँ छाड्दा मानेभञ्याङका धेरै बस्ती खण्डहर बनेको अवस्था छ", शिक्षक पराजुलीले भन्नुभयो, "मुख्य रूपमा बाँदर र पिउने पानीको समस्याका कारण मानिस अन्यत्र गइरहेका छन् । बाक्लो मानव बस्ती रहेका धेरैवटा गाउँ खण्डहर बनेका छन् ।"

विगतमा आफूले अध्यापन गराइरहेको भानुभक्त प्राथमिक विद्यालयमा तीन सयका हारहारीमा विद्यार्थी हुने गरेको भए पनि अहिले ५० जना मात्र रहेको उहाँले बताउनुभयो ।

"गाउँघरमा सडक बिजुलीलगायत विकासको क्षेत्रमा काम भइरहेको छ", उहाँले भन्नुभयो, "मानिस बस्ती छाडेर अन्यत्र गइरहेका छन् । तल्लो भेगका मानिसले बस्ती छाडिदिँदा माथिल्लो भेगमा बाँदरले दुःख दिन थालेको अवस्था छ । यसरी नै बाँदरको उप्रदो बढ्ने हो भने पूरै गाउँ खाली हुने अवस्था छ । राज्यले किसानको मुख्य समस्याका रूपमा रहेको बाँदर नियन्त्रणमा ध्यान दिन आवश्यक छ ।"

बाँदरको समस्याले किसानलाई हैरान बनाएको अर्चलेका स्थानीयवासी जगतकुमार तामाङले बताउनुभयो। खाली रहेको बस्तीको एक घरमा अहिले ठेक्कामा बस्दै आएको उहाँले बताउनुभयो । अर्चलेमा आफूसहित अहिले दुई घर मात्र रहेको उहाँको भनाइ छ । बाहिर गएकाहरूले घरजग्गा बिक्री नगरी त्यत्तिकै छाडिएकाले संरक्षण अभावमा ती घर पनि भत्किन थालेको उहाँको भनाइ छ ।

"म पनि यहाँ अर्काको घरमा ठेक्का बसेको छु", उहाँले भन्नुभयो, "यहाँका सबै घर बिक्री नगरी त्यत्तिकै छाडिदिँदा भत्किएर खण्डहर बनेका छन् । मानिस बस्ती छाडेर हिँड्दा उर्वरभूमि बाँझिएको छ । यहाँका जम्मा ३५ घरमा अहिले दुई घरमात्र छौँ ।"

सबैले छाडेको बस्तीमा बस्दा जीवन निर्वाह गर्न निकै कठिन रहेको उहाँको भनाइ छ । बस्ती खाली भएको कारण बाँदरले झनै दुःख दिने गरेको उहाँले बताउनुभयो । सबैले बस्ती छाडेका कारण विद्युत् विस्तार हुने नसकेको उहाँको भनाइ छ । स्थायी रूपमा बसोबास गर्ने मानिस नै नहुँदा विद्युत् विस्तारमा पनि समस्या भएको छ ।

राज्यले बाँदर नियन्त्रणसँगै खाली रहेका बाँझो जमिनलाई प्रयोगमा ल्याउने खालका कार्यक्रम नल्याएको खण्डमा यस्ता धेरै बस्ती खण्डहर बन्ने अवस्था रहेको तामाङले बताउनुभयो । बाँदरका कारण नै धेरै किसानलाई समस्या रहेको उहाँ बताउनुहुन्छ ।रासस

# यस्तो छ तरकारी र फलफूलको थोक मूल्य



काठमाण्डु । कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले सोमबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ । समितिका अनुसार तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो ।

गोलभँडा ठूलो (नेपाली) प्रतिकिलो रु २५, गोलभँडा ठूलो (भारतीय) प्रतिकिलो रु ५०, गोलभँडा सानो (तराई) प्रतिकिलो रु २२, आलु रातो प्रतिकिलो रु ३५, आलु रातो (भारतीय) प्रतिकिलो रु ३४, प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ५५, गाजर (लोकल) प्रतिकिलो रु ४०, गाजर (तराई) प्रतिकिलो रु २५, बन्दा (लोकल) प्रतिकिलो रु १५, बन्दा (नरिवल) प्रतिकिलो रु २०, काउली (स्थानीय) प्रतिकिलो रु २५, स्थानीय काउली (ज्यापु) प्रतिकिलो रु ३०, मूला रातो प्रतिकिलो रु ४०, मूला सेतो (लोकल) प्रतिकिलो रु २०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु ३०, भन्टा लाम्चो प्रतिकिलो रु ४५ तथा भन्टा डल्लो प्रतिकिलो रु ५५ कायम गरिएको छ ।

यसैगरी, मटरकोसा प्रतिकिलो रु ४५, घिउ सिमी (लोकल) प्रतिकिलो रु ३५, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ३५, घिउ सिमी (राजमा) प्रतिकिलो रु ८०, टाटे सिमी प्रतिकिलो रु ७०, तिते करेला प्रतिकिलो रु १२०, लौका प्रतिकिलो रु ४०, परबर (लोकल) प्रतिकिलो रु १२०, परबर (तराई) प्रतिकिलो रु १५०, घिरौला प्रतिकिलो रु ५०, झिगुनी प्रतिकिलो रु ६०, फर्सी पाकेको प्रतिकिलो रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकिलो रु २०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु २० तथा भिण्डी प्रतिकिलो रु १०० कायम गरिएको छ ।

यस्तै, सखरखण्ड प्रतिकिलो ७०, बरेला प्रतिकिलो रु ४५, पिँडालु प्रतिकिलो रु ९०, स्कूस प्रतिकिलो रु ४०, रायो साग प्रतिकिलो रु ४५, पालुङ्गो साग प्रतिकिलो ७०, चमसुरको साग रु ३५, तोरीको साग प्रतिकिलो रु ४०, मेथीको साग प्रतिकिलो रु ६०, प्याज हरियो प्रतिकिलो रु ४०, बकुला प्रतिकिलो रु ४०, तरुल प्रतिकिलो रु ९०, च्याउ (कन्य) प्रतिकिलो रु १३०, च्याउ (डल्ले) प्रतिकिलो रु २५०, कुरिलो प्रतिकेजी रु १००० निर्धारण गरिएको छ ।

ब्रोकाउली प्रतिकिलो रु ४०, चुकुन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १४०, कोइराला प्रतिकेजी रु १८०, रातो बन्दा प्रतिकिलो रु ६०, जिरीको साग प्रतिकिलो रु ६०, सेलरी प्रतिकिलो रु १५०, पार्सले प्रतिकिलो रु ३००, सौफको साग प्रतिकिलो रु ७०, पुदिना प्रतिकिलो रु ३००, गान्टे मूला प्रतिकिलो रु ५५, इमली प्रतिकिलो रु १६०, तामा प्रतिकिलो रु १००, तोफु प्रतिकिलो रु १२० र गुन्द्रुक प्रतिकिलो रु ३५० तोकेको छ ।

समितिले स्याउ (झोले) प्रतिकिलो रु २५०, स्याउ (फूजी) प्रतिकिलो रु ३५०, केरा (दर्जन) रु १५०, कागती प्रतिकिलो रु २५०, अनार प्रतिकिलो रु ३५०, अङ्गुर (हरियो) प्रतिकिलो रु २००, अङ्गुर (कालो) प्रतिकिलो रु २५०, सुन्तला (भारतीय) प्रतिकिलो रु १२०, मौसम प्रतिकिलो रु २००, जुनार प्रतिकिलो रु १५०, काँक्रो (लोकल) प्रतिकिलो रु ५०, काँक्रो (हाइब्रिड) प्रतिकिलो रु ३०, निबुवा प्रतिकिलो रु ५०, नासपाती (चाइनिज) प्रतिकिलो रु २५०, मेवा (नेपाली) प्रतिकिलो रु ५०, मेवा (भारतीय) प्रतिकिलो रु ११०, लप्सी प्रतिकिलो रु ९०, स्ट्रबेरी (भुइँऐसेलु) रु २००, खरबुजा प्रतिकिलो रु ४५, किबी प्रतिकिलो रु ४००, अमला प्रतिकिलो रु १०० निर्धारण गरिएको छ ।

यसैगरी, अदुवा प्रतिकिलो रु १००, खुर्सानी सुकेको प्रतिकिलो रु ३२५, खुर्सानी हरियो प्रतिकिलो रु १२०, खुर्सानी हरियो (बुलेट) प्रतिकिलो रु १३०, भेडे खुर्सानी प्रतिकिलो रु ९०, लसुन हरियो प्रतिकिलो रु ६०, हरियो धनिया प्रतिकिलो रु ६०, लसुन सुकेको चाइनिज प्रतिकिलो रु २८०, लसुन सुकेको नेपाली प्रतिकिलो रु २३०, छ्यापी सुकेको प्रतिकिलो रु १६०, छ्यापी हरियो प्रतिकिलो रु ७०, ताजा माछा (रहु) प्रतिकिलो रु ३२०, ताजा माछा (बचुवा) प्रतिकिलो रु २६०, ताजा माछा (छडी) प्रतिकिलो रु २४०, रुख टमाटर प्रतिकिलो रु १७०, राजा च्याउ प्रतिकिलो रु ३०० र सिताके च्याउ प्रतिकिलो रु ८०० तोकेको छ ।रासस

# फूल बिक्री गरेरै मासिक दुई लाख आम्दानी

बन्दीपुर । यहाँको आँबुखैरेनी गाउँपालिका-३ की २५ वर्षीया सरिश्मा गुरुङले विसं २०७७ मा रु तीन हजार पाँच सय लगानी गरेर फूलको व्यापार सुरु गर्नुभयो ।

फूलको व्यापार विस्तार गर्दै गुरुङले उहाँले सभा-सेमिनार, पास्नी, विवाहलगायतका उत्सवको सजावट गर्दै आइरहनुभएको छ । हाल उहाँले मासिक रु दुई लाख आम्दानी लिने गरेको गुरुङले बताउनुभयो ।

गुरुङका अनुसार राम्रो कार्यक्रम भएमा सिजनमा महिनामै रु २० लाखसम्मको कारोबार हुन्छ । अन्य समयमा मासिक रु आठ-नौ लाखसम्म कारोबार हुने गरेको छ । खर्च कटाएर मासिक करिब रु दुई लाख बचत हुने उहाँले बताउनुभयो ।

"पोखरा र काठमाडौँमा काम भइरहेको छ । ग्राहकलाई थप सहजता दिन काठमाडौँमा नयाँ शाखा खोल्ने तयारी गरेका छौँ", गुरुङले भन्नुभयो । अब फूल व्यवसायलाई अझ व्यवस्थित बनाउन नर्सरी स्थापना गर्ने तयारी गरेको उहाँले जानकारी दिनुभयो ।रासस


## Invitation for Bids
## Dhanushadham Municipality
### Office of Municipal Executive
### Dhanushadham, Dhanusha

## Invitation for Bids for the Construction of Shree Bajrang School Building, Dhanushadham na.pa.5 Nausay, Dhanusha

**Contract Identification No: DM/05/081-082**

**Date of publication: 2081-12-05**

1. Dhanushadham Municipality, Office of municipal Executive, Dhanushadham, Dhanusha invites electronic bids from Nepalese eligible bidders for the construction of Shree Bajrang School Building, Dhanushadham na.pa.5 Nausay, Dhanusha. Shahid thakur Prasad Dhungana Smirti Pratisthan Adhuro Vaban Nirman & Saundarya karan dhanushadham na.pa 1 dhanusha under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information, visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**For Purchase of Bid document**

**Name of the Bank:** NIC Asia Bank, Dhanushadham Branch | **Name of Office:** Dhanushadham municipality

**Office Code no.:** 801021705 | **Office Account no.:** 0312050025358004

**For cash Bank guarantee**

**Name of the Bank:** NIC Asia Bank,Dhanushadham Baranch | **Name of Office:** Dhanushadham municipality

**Office Code no.:** 801021705 | **Office Account no.:** 0312050025358014

4. Municipality has right to accept or reject fully or partially without any reason.All the procurement process will be according to procuremnt act 2063 and regulation 2064.

| S. N. | Description Of works | Estimated Amount Nrs. | Bid document Fee Nrs. | Bid security Fee Nrs. | Last date of bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Shree Bajrang School Building, Dhanushadham na.pa.5 Nausay, Dhanusha (DM/05/Works /081-082) | 68,24,075.10 without vat and contingencies | 3000/- | 2,10,000/- | 2082-01-04 at 12:00 hrs | only E-Bid |

**Chief Administrative Officer**

# औषधि र मेसिन खरिद सम्बन्धी मुद्दामा आज छलफल

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले रद्द गरेको औषधि र उपकरण खरिद टेण्डर विषयमा मंगलबार उच्च अदालत जनकपुरधाममा छलफल हुने भएको छ ।

मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई समेत विपक्षी समेत बनाइएको सो मुद्दामा अदालतले फागुन २३ गते जारी आदेश अनुसार दुवै पक्षलाई छलफलमा बोलाइएको छ । अमित कुमार सिंहले टेण्डर रद्द गरिनु चित्त बुझ्दो नभएको जनाएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मातहत रहेको प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र जनकपुरधामले टेण्डर मा केही त्रुटि देखिएकाले रद्द गरिएको जनाएको छ।

अदालतले सरकारी पक्षलाई टेण्डर सम्बन्धी प्रक्रियाको सक्कल कागजातहरु समेत झिकाउने आदेश गरेको छ।

स्रोतहरुका अनुसार मधेश प्रदेशमा सरकारको प्रारम्भकाल देखि नै स्वास्थ्य मन्त्रालयलाई चाहिने आवश्यक उपकरण र औषधिहरु आपूर्ति एकैजनाले गर्ने आरोप लाग्दै आएको छ । काठमाण्डुस्थित व्यवसायी विशाल पण्डितले विभिन्न स्थानीय ठेकदारहरु मार्फत स्वास्थ्य सम्बन्धी ठेक्काहरु हात पार्ने आरोप पहिलेदेखि नै लाग्दै आएको छ।

विगतमा समाजिक विकास मन्त्री नवलकिशोर साह रहेको बेला पण्डितको मधेश प्रदेशको स्वास्थ्य सम्बन्धी उपकरण र औषधि आपूर्तिमा प्रवेश भएको थियो । तत्कालीन मन्त्री साहका छोरा सुमित साहलाई प्रभावमा पारेर पण्डितले कमिसनमा चलाएको धन्धा लामो समय निरन्तरता पाएको हो।

एउटै कम्पनीलाई ठेक्का पार्न टेण्डरमा नै विशेष प्रकारको शर्त राख्न लगाउने र ठेक्का लिने चलनलाई रोक्न टेण्डर रद्द गरिएको सरकारी अधिकारीहरुले दावी गरेका छन् । रद्द गरिएको टेण्डर चाँडै पून :गर्ने बताउँदै सरकारलाई चाहिने मापदण्ड मात्र टेण्डरमा उल्लेख रहने बताइएको छ।

# तराई मधेश जागरण अभियान फेरि शुरु हुने

**चैत १५ गते काठमाण्डुमा हुने गणतन्त्रवादीहरुको आयोजनामा हुने जनप्रदर्शनमा व्यापक सहभागिता गराउने विषयमा पनि छलफल भएको नेकपा (माओवादी केन्द्र) पूर्वमन्त्रीसमेत रहेका प्रदेश इन्चार्ज यादवले बताए ।**




टुडे समाचारदाता

जनकपुरधाम । प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) ले सञ्चालन गरेको जनतासँग माओवादी हुलाकी सडक केन्द्रित तराई मधेश जागरण अभियान बारा र पर्सामा ७ र ८ गते हुने भएको छ।

पार्टीका मधेश प्रदेश इन्चार्जसमेत रहेका उपमहासचिव मातृकाप्रसाद यादवको विशेष उपस्थितिमा पर्सा जिल्ला इन्चार्ज बिजय महतोको अध्यक्षतामा तथा सोमबार वीरगञ्जमा बसेको बैठकले अभियानलाई सफल पार्न सबै तहका पार्टी नेता कार्यकर्ताहरुलाई एकतावद्ध भएर लाग्न निर्देशन दिइएको छ।

सो बैठकले चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा अखिल क्रान्तिकारीका उम्मेदवारहरुलाई जिताउन सबै पार्टीपंक्तिका नेता कार्यकर्ताहरु र विद्यार्थी संगठन लाग्ने निर्णय गरेको छ । त्यस्तै चैत्र ७ र ८ गते जनतासँग माओवादीको जागरण अभियान सफल बनाउनका लागि पार्टीका सबै तहका कमिटी र जनवर्गीय संगठनहरुले आ-आफ्नो स्थानबाट भूमिका खेल्न निर्देशन दिएको छ । त्यस्तै चैत १५ गते काठमाण्डुमा हुने गणतन्त्रवादीहरुको आयोजनामा हुने जनप्रदर्शनमा व्यापक सहभागिता गराउने विषयमा पनि छलफल भएको नेकपा (माओवादी केन्द्र) पूर्वमन्त्रीसमेत रहेका प्रदेश इन्चार्ज यादवले बताए।

# न्याय माग्दै मंसुर



टुडे समाचारदाता

वीरगञ्ज । वैदेशिक रोजगारीबाट फर्किएका करमुल्लाह मंसुरले आफ्नो करोडौं मूल्य पर्ने सम्पत्ति ५ लाख ५० हजार रुपैयाँमा हडपिएको भन्दै न्यायका लागि गुहार्दै माग्दै हिडेका छन् ।

जिल्ला प्रशासन कार्यालय बारामा पीडित मंसुरले कलैया उपमहानगरपालिका वडा नं.-३ स्थित आफ्नो जग्गा र दुईतले भवन हिरालाल प्रसादले झुक्याएर सस्तोमा लिएको आरोप लगाएका छन् ।

मंसुरले वैदेशिक रोजगारीमा कमाएको पैसाले किनेको सो सम्पत्ति उनले सुपर ईट्टा उद्योग सञ्चालनका लागि ६० लाख रुपैयाँ ऋण लिँदा धितो राखेका थिए । तर ऋणको साँवा ब्याज ८५ लाख रुपैयाँ तिरिसक्दा पनि जग्गा फिर्ता नपाएको भन्दै उनी न्यायका लागि भौंतारिरहेका छन् ।

उनले भने, 'मैले विदेशमा रगत पसिना बगाएर कमाएको पैसाले किनेको सम्पत्ति हो यो। तर, मलाई झुक्याएर ५ लाख ५० हजार रुपैयाँमा राजिनामा पास गराइयो', मंसुरले अघि थप्दैं भने, 'यो करोडौंको सम्पत्ति हो, कसरी यति सस्तोमा बिक्री भयो ? यसको सत्यतथ्य छानबिन हुनुपर्छ ।'

मंसुरले दोषीलाई कडा कारबाही गरी आफूलाई न्याय दिलाउन सम्बन्धित निकायसँग माग गरेका छन् । उनले भने, ' हामी सुकुम्बासी परिवार हौं, हाम्रो चित्कारको सुनुवाइ हुनुपर्छ ।'

# सेवा प्रवाहमा पर्सा सिडिओको लचकता



टुडे समाचारदाता

वीरगञ्ज । राष्ट्रिय परिचयपत्र विवरण संकलन सम्बन्धीको सेवालाई जिल्ला प्रशासन कार्यालय पर्साले खुकुलो बनाएको छ ।

कार्यालय समयबाट दिइने सेवालाई सहज बनाउनका लागि पर्सा जिल्ला प्रशासनले भने मंगलबारदेखि विहानैबाट सेवा प्रवाह गर्न लागेको जनाएको छ ।

जिल्ला प्रशासन कार्यालयले सोमबार सूचना जारी गर्दै परिचय पत्र बाँडने समय थपिएको जनाएको छ।

राष्ट्रिय परिचयपत्र बनाउनेहरुको भीड बढ्दै गएपछि जिल्ला प्रशासन कार्यालयले समयवाधि थपेको जनाएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले राष्ट्रिय परिचयपत्र विवरण संकलन सम्बन्धीको सेवा विहानदेखि नै लागु गरिएको बताए । जिल्ला प्रशासनले जारी गरेको विज्ञप्तिमा, 'यस कार्यालयमा राष्ट्रिय परिचयपत्र लिने सेवाग्राहीको भीड धेरै बढ्न थाल्यो, त्यसकारण भोलीको मितिदेखि नै सार्वजनिक विदाबाहेका दिनमा हामीले विहान साढे ७ बजेदेखि राष्ट्रिय परिचयपत्र विवरण संकलनको काम गर्नेछौं, बेलुका ७ बजेसम्म हामीले यो सेवा दिनेछौं ।', लेखिएको छ।

# राराब क्याम्पसद्वारा वार्ता समिति गठन

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामस्थित रामस्वरुप रामसागर बहुमूखी (राराब) क्याम्पसमा स्ववियू चुनावलाई लिएर विद्यार्थीहरुसँग वार्ता गर्न वार्ता समिति गठन गरेको छ ।


त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले राराब क्याम्पससहित १५ वटा आंगिक क्याम्पसलाई स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन प्रक्रिया अगाडि बढाउन निर्देशन दिएको एकदिन नबित्दै राराब क्याम्पसले सोमबार वार्ता समिति गठन गरिएको छ ।

वार्ता समितिको संयोजकमा प्राध्यापक संघ राराब क्याम्पस इकाइ समितिका सभापति मुक्तिनाथ साह, उपप्राध्यापक रेमन्त मोरबैता, उपप्राध्यापक रामसेवक ठाकुर, उपप्राध्यापक राजेश झा र उपाप्रध्यापक बिनिता ठाकुर रहेका छन् ।

क्याम्पस प्रमुख बसन्तकुमार कर्णले एक विज्ञप्ति जारी गरी वार्ता समिति गठनको जानकारी दिएका छन् । तर विद्यार्थी संगठनहरुले आफूहरुलाई वार्ता संवादका लागि जानकारी नभएको जनाएका छन् ।

# युवा व्यवसायीद्वारा प्राधिकरणलाई दुइ कठ्ठा जग्गा प्रदान

टुडे समाचारदाता




जनकपुरधाम। धनुषाका एक युवा व्यवसायीतथासमाजसेवीलेधनुषाधाम स्थित नेपाल विद्युत प्राधिकरणको कार्यालय बनाउनका लागि लाखौं मूल्य बराबरका दुइकठ्ठा जग्गा निःशुल्क प्रदान गरेका छन्।

धनुषाधाम नगरपालिका वार्ड नं ३ मा रानी दुग्ध डेरी उद्योग संचालन गर्दै आएका सुर्यनाथ यादवले धनुषाधाम- ३ मै रहेका आफनो दुइ कठठा जग्गा नेपाल विद्युत प्राधिकरण धनुषाधामलाई सोमबार प्रदान गरेका छन् ।

नेपाल विद्युत प्राधिकरण धनुषाधाम शाखाका प्रमुख रोशन कुमार सिंहलाई जग्गाको लालपुर्जा प्रदान गर्दै उनले धनुषाधाम नगरपालिका विकास तर्फ अग्रसर रहेकोले सानो दानलेनै नगरको विकास हुने भएको तथा धनुषाधाममा उत्कृष्ट कार्य गर्न सफल नेपाल विद्युत प्राधिकरणलाई जग्गा प्रदान गर्ने मनशाय पहिले देखि नै रहेकोले सोमबार औपचारिकरुपमा लालपुर्जा प्रदान गरेको बताए।

यता जग्गा हस्तान्तरण गर्दै प्राधिकरण धनुषाधाम शाखाका प्रमुख रोशन कुमार सिंहले स्थापनाकालदेखि नै भाडाको घरमा कार्यालय संचालन गर्दै आएको र अब आफनै जग्गा प्राप्त भएपछि पहिलो चरणमा वाल लगाउने र अर्को आर्थिक वर्षमा भवन निमार्ण गरिने बताए।

यादवले प्रदान गरेको जग्गा धनुषाधाम नगरपालिकाको मुख्य चोकमा रहेको र सो जग्गाको अहिलेको मूल्य पचास लाख जतिको रहेको बताइएको छ।

# जानकी आँखा अस्पतालमा बिरामीको चापमा वृद्धि

टुडे समाचारदाता




जनकपुरधाम । जनकपुरधामस्थित जानकी आँखा अस्पतालमा बिरामीको चापमा वृद्धि भएको छ।

अस्पतालले एनसिटी उपकरणको जडान गरेपछि आँखाको प्रेसर मापनको प्रक्रिया सहज र सुरक्षित भएपछि कार्य सम्पादनले तीव्रता पाएको छ । यसले अस्पतालको कार्यक्षमता र बिरामीको उपचारमा गुणस्तर सुधार ल्याएको छ । जसका कारण अस्पतालको दैनिक कार्यभार र बिरामीको चापमा वृद्धि भएको छ।

जानकी आँखा अस्पतालका प्रशासकीय अधिकृत दीपेन्द्रकुमार सिंहले जनाए अनुसार अस्पतालमा तापमान बढ्दै गएकाले बिरामीहरूको चापमा पनि वृद्धि भएको छ । विशेषतः गर्मी बढेका कारण दैनिक ६ सय देखि ७ सय बिरामी आउने गरेका छन् । तराईका विभिन्न जिल्लाबाट बिरामीहरूको संख्यामा वृद्धि हुँदै गएको छ। यहाँ धनुषा, महोत्तरी, सर्लाही र सिन्धुलीका नेपाली बिरामीहरू साथै भारतका सितामढी र मधुबनी जिल्लाका बिरामीहरू आउने गरेका छन् ।

पहिले आँखाको प्रेसर मापन गर्न पुरानो प्रविधिको प्रयोग गरिएको थियो । यसले आँखामा चोटपटक लाग्न सक्ने सम्भावना थियो र एक दिनमा ८० जनाभन्दा बढी बिरामीको प्रेसर चेक गर्न सम्भव थिएन। तर, एनसिटी उपकरणको जडानसँगै अस्पतालले एक दिनमा २०० जनासम्मको आँखाको प्रेसर चेक गर्न सक्ने क्षमता हासिल गरेको छ । यसले उपचार प्रक्रिया छिटो र अझै सुरक्षित भएको छ ।

अस्पतालका अध्यक्ष नरेशप्रसाद सिंहले विगतमा पुरानो प्रविधिको कारण आँखामा चोटपटक लाग्ने जोखिम हुने गरे पनि अब हामी आँखाको प्रेसर नछोइकन मापन गर्न सक्छौं । यसले बिरामीको उपचारलाई सजिलो बनाएको बताए।

जानकी आँखा अस्पतालका निर्देशक डा. आशिष बोहोराले अस्पतालले १० लाख मूल्यको एनसिटी उपकरण खरिद गर्न ५० प्रतिशत रकम आफैं उठाएको जनाउँदै बाँकी ५० प्रतिशत रकम एभरेष्ट बैंक जनकपुरधाम शाखाले सहयोग गरेको बताए।

यसका साथै, अस्पतालमा आँखा पाक्ने रोगका बिरामीहरूको संख्या पनि बढेको छ।

अस्पतालले आम नागरिकलाई घाममा अनावश्यक ननिस्कन र आँखा पाकेका बिरामीहरूलाई चिकित्सकसँग जाँच गराउन आग्रह गरेको छ।

# स्ववियु निर्वाचनका लागि ६ वटा मतदान केन्द्र

टुडे समाचारदाता




राजविराज । सप्तरीको राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनका लागि सम्पूर्ण तयारी पूरा भएको जनाइएको छ। चैत ५ गते मंगलबार हुन लागेको त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनको सबै तयारी पूरा भएको निर्वाचन समितिले जनाएको छ।

सहज रूपमा मतदान सम्पन्न गराउन मविव क्याम्पस राजविरामा ६ वटा मतदान केन्द्रमा १२ वटा बुथ रहने निर्वाचन अधिकृत नन्दकिशोर यादवले जानकारी दिए। उनले निर्वाचनमा ५० जना कर्मचारी खटाइएको समेत बताए।

निर्वाचन अधिकृत यादवले जनाए अनुसार कुल ३०१२ मतदाता रहेको र सभापति सहित प्रत्यक्ष तर्फ १० र समानुपाति तर्फ ९ गरी कुल १९ पदका लागि हुने निर्वाचनमा ४१ जना उम्मेदवार चुनावी मैदानमा उत्रेका छन् ।

निर्वाचनमा नेपाल विद्यार्थी संघ र लोकतान्त्रिक विद्यार्थी संघको संयुक्त गठबन्धनबाट सभापति पदमा नितिशकुमार यादवको प्यानल, समाजवादी विद्यार्थी युनियन र अखिल (क्रान्तिकारी) को संयुक्त गठबन्धनबाट सभापति पदमा रंजितकुमार यादवको प्यानल चुनावी प्रतिस्पर्धामा उत्रेका छन् ।

त्यस्तै, विद्यार्थी जनमत संघबाट त्रिवेणीकुमार यादव सभापति पदमा तथा अनेरास्वबियुको तर्फबाट मनिषा कुमारी साह सभापति पदमा प्यानल सहित चुनावी प्रतिस्पर्धामा छन् भने विनयकुमार यादव (बालेन) पनि सभापति पदमा स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

# व्यापारी आन्दोलित

टुडे समाचारदाता



जलेश्वर । महोत्तरीको पडौलस्थान बजारमा ज्वेलर्स पसलमा चोरी भएपछि स्थानीयहरूले प्रदर्शन गर्दै बजार बन्द गराएका छन् ।

महोत्तरीको बलवा नगरपालिका-३ स्थित पडौल बजारमारहेकोशिवशान्तिज्वेलर्सको ताल्चा फोडेर लाखौंको चोरी भएको घटनालाई लिएर व्यापारीहरू सडकमा टायर बालेर प्रदर्शन गर्दै बजार बन्द गराएका छन् ।

शनिबार राति चोरहरूको समूहले पसलमा लुटपाट गरी बर्दिबासतर्फ भागेको सिसी टीभी फुटेजमा देखिएको बताइए पनि चोर समात्ने प्रयास सुरक्षाकर्मीले नगरेको भन्दै व्यापारीहरूले सोमबार बजार बन्द गराएका थिए।

शिवशान्ति ज्वेलर्सका सञ्चालक अरुणकुमार साहले जनाए अनुसार ५ जनाको समूहमा आएका डाँकाहरूले पसलमा रहेको २० तोला सुन, १ लाख ५० हजार नगद, पसलमा राखिएको भोल्ट (लकर), क्यामराको हार्डडिस्क चोरी गरेर लगेको छ । सुन पसलमा लागेको सिसी टिभी क्यामराको हार्डडिस्क चोरहरूले लगेपछि नजिकै रहेको अन्य क्यामरा लुटपाट गर्न प्रयोग भएको जिप र डकैतीमा संलग्नहको भिडियो कैद भएको प्रहरीले जनाएको छ।

पसलमा राति नै चोरी भए पनि आइतबार बिहान ९ बजे मात्र थाहा भएको सञ्चालक साहले बताए।

# आगलागीबाट लाखौंको धनमाल नष्ट

टुडे समाचारदाता

राजविराज । सप्तरीको राजविराज नगरपालिका वडा नम्बर ६ स्थित खैरसाल टोलमा सोमबार आगलागी हुँदा लाखौंको धनमाल जलेर नष्ट भएको छ।

सो आगलागीमा एक फर्निचर उद्योग, ३ वटा घर, ५० हजार रुपैयाँ तथा सुनचाँदीका गरगहना जलेर नस्ट भएको सप्तरी प्रहरीले जनाएको छ । नगरपालिकाको वडा नम्बर ६ घर भएका दुवीलाल यादवको गोठघरबाट विद्युत सर्ट भइ सल्केको आगोले उनको तीन घर र छेउमै रहेका सुरेश शर्माको फर्निचर उद्योग समेत जलेर नस्ट हुँदा करिब १२ लाख रुपियाँ बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

तीन घरसहित ५० हजार नगद, खाद्यान्न, लत्ताकपडा, भाडा बर्तन, सुनचाँदीका गरगहना गरी ८ लाख २१ हजार बराबरको क्षति भएको सप्तरी प्रहरीले जनाएको छ । त्यस्तै सुरेश शर्माको आफ्नो फर्निचर उद्योगमा आगलागी हुँदा फर्निचरका साथै काठ चिरान गर्ने दुई वटा मेसिन समेत जलेर स्ट भइ चार लाख १५ हजार रुपैयाँ बराबरको क्षति भएको सप्तरी प्रहरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए।

दिउँसो साढे चारबजे देखि शुरु भएको आगलागी राजविराज नगरपालिका र मधेश प्रदेश तालिम केन्द्रको वारुणयन्त्र, नेपाल तथा सशस्त्र प्रहरी र स्थानियवासीको सहयोगमा एक घण्टाको प्रयासपछि नियन्त्रणमा लिइएको जनाइएको छ।

चाडपर्व प्रति सम्मान गरौं ।

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र सँस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्वलाई सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकारात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८